# लेखापरीक्षण प्रतिवेदन

## पुतलीबजार नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पुतलीबजार नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/631

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

**कैफियत सहितको राय**

हामीले नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २८ करोड ७० लाख ७२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५७ लाख १५ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. २० लाख ६१ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. १ लाख ८३ हजार र प्रदेश सरकारबाट प्राप्त अन्य अनुदान रु. १ लाख ५० हजार समेत रु. २९ करोड ५१ लाख ८१ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. २ अर्ब ३९ करोड ४७ लाख ८२ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ६० लाख ८५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १८ लाख ६१ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिकृयाबाट थप रु. ३ लाख ९ हजार समेत बाँकी बेरुजु रु. १ करोड ४५ लाख ३३ हजार मध्ये असुल गर्नुपर्ने रू. ३६ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३८ लाख ७५ हजार र नियमित गर्नुपर्ने रु. ६९ लाख ६८ हजार रहेको छ । गत वर्षसम्म रु. २४ करोड ७२ लाख १२ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट कायम रु. २ लाख ३९ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २४ करोड २३ लाख ०२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | २५ | १,६०,८५,४३९ | ० | १३ | १८,६१,२४६ | ३,०८,८३० | ७१ | १२ | १,४५,३३,०२३ | ३६,८९,७५८ | ६९,६७,८३५ | ३८,७५,४३० | ० | ० | १,०८,४३,२६५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | २४,७२,१२,००० | ० | १,९६,८२,०३९ | २२,७५,२९,९६१ | २,३८,६४७ | १,४५,३३,०२३ | २४,२३,०१,६३१ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २७ | म्याद भित्र पेश्की फछ्यौंट नगरेको: | ६,१९५ |
| २ | २०८०/८१ | ११.४ | परामर्श सेवा खरिद: | ५,७०,२५० |
| ३ | २०८०/८१ | ९.६ | उपभोक्ता समिति मार्फतको खरिद: | ८,०९३ |
| ४ | २०८०/८१ | १०.२ | Upgrading of Jardkhola-Pelkachaur Road: | ९१,२३७ |
| ५ | २०८०/८१ | २६.१ | ११ नं. वडा कार्यालय भवन निर्माण: | ५३,७५८ |
| ६ | २०८०/८१ | २५.२ | १० नं. वडा कार्यालय भवन निर्माण कार्य: | ११,६७३ |
| ७ | २०८०/८१ | ६७ | स्रोतमा करकट्टी: | १४,४०० |
| ८ | २०८०/८१ | ६६ | सहकारीले सम्झौता बमोजिमको भाडा नबुझाएको: | ६६,२४० |
| ९ | २०८०/८१ | ५८.२ | सवारी ईन्धन तथा मर्मत खर्च: | १,८९,५५० |
| १० | २०८०/८१ | ५५ | सटर भाडा: | ४८,००० |
| ११ | २०८०/८१ | ६८ | बैठक भत्ता बढि भुक्तानी: | १३,६०० |
| १२ | २०८०/८१ | ६१.२ | बैठक भत्ता: | १,६४,५६० |
| १३ | २०८०/८१ | ४८.२ | पदाधिकारी सुविधा: | ६,२३,६९० |
| १४ | २०७८/७९ | ६९ | सामुदायिक वनबाट १०% रकम असुल गर्नुपर्ने: | ३,१२,६१७ |
| १५ | २०७८/७९ | ६६ | सम्झौता भन्दा बढी भुक्तानी: | ६८,४९७ |
| १६ | २०७८/७९ | २५ | संचित कोष दाखिला: | १७,४६,००० |
| १७ | २०७८/७९ | ७१ | बहाल कर: | ४,६८,७७५ |
| १८ | २०७८/७९ | ५९ | बढी भुक्तानी: | ८,६७० |
| १९ | २०७८/७९ | २३ | प्रोत्साहन रकम: | ३१,४४,६४० |
| २० | २०७८/७९ | ५६ र ५८ | प्रशिक्षक भत्ता: | १,८५,२०५ |
| २१ | २०७८/७९ | २२ | छात्रवृति अनुदान निकासा: | ४५,२०० |
| २२ | २०७८/७९ | ५४ | ग्रेड वृद्धी गरी रकम भुक्तानी: | ६,६८,०६९ |
| २३ | २०७८/७९ | ५१ | अनुगमन: | २,०६,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०७७/७८ | २७ | स्वीकृत दरवन्दी बेगरको करार सेवाः | ७७,७५,८२० |
| २५ | २०७७/७८ | ८६ | स्विकृत कार्यक्रम विपरितको खर्चः | ५,५७,३४५ |
| २६ | २०७७/७८ | ३२ | सोझै खरिदः | २१,१८,९०७ |
| २७ | २०७७/७८ | २५ | शिर्षक फरक पारी खर्च भएकोः | १,६५,००० |
| २८ | २०७७/७८ | ७० | पारीश्रमिक करः | ५६,८८८ |
| २९ | २०७७/७८ | ९४ | ढुंगा गिट्टी बालुवाः | २,२६,६२१ |
| ३० | २०७७/७८ | ३५ | कार्यसम्पन्न भन्दा बढी भुक्तानीः | १,६५,८६३ |
| ३१ | २०७९/८० | ३६ | सामुदायिक वनको आय: | ५४,६३१ |
| ३२ | २०७९/८० | ७४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः | १९,५०० |
| ३३ | २०७९/८० | ७८ | पेश्की बाँकी: | ५,००,००० |
| ३४ | २०७९/८० | ७१ | पाठ्यपुस्तकः | २३,५५७ |
| ३५ | २०७९/८० | ६४ | पदाधिकारीलाई दोहोरो सुविधा: | ५,१०० |
| ३६ | २०७९/८० | ३७ | न्युन विजकिकरणः | ५,८८१ |
| ३७ | २०७९/८० | ४४ | नन्फाइलर: | ३,९७,९०४ |
| ३८ | २०७९/८० | ७६ | दिवा खाजाः | ५,७९,५१५ |
| ३९ | २०७९/८० | ७० | छात्रवृत्तिः | २२,००० |
| ४० | २०७९/८० | ३१ | आन्तरिक लेखापरीक्षण तर्फको लगती बेरुजुः | १,५३,८३४ |
| जम्मा | | | | २,१५,४३,२८४ |

# (८०४४३४०३३०० - पुतलीबजार नगरपालिका, स्यांजा )

# पुतलीबजार नगरपालिका , स्याङ्जा

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचय :-** संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु यस पालिकाको उद्धेश्य रहेको छ । स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । यस पालिकामा १४ वडा रहेका छन् भने क्षेत्रफल १४६.२१ व.मि. र जनसंख्या ४१ हजार ७४३ रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापहरुलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:-** पालिकाको आय – व्ययतर्फ रु. २३९४७८२०००।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **आर्थिक कारोबारको स्थिति**

(क) आर्थिक कारोबारको स्थिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता

समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को कुल रु. १ अर्ब ३१ करोड २२ लाख ११ हजार ३७३ को आय तथा ब्यय सहितको प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | जम्मा रकम | विवरण | रकम | जम्मा रकम |
| गत वर्षको जिम्मेवारी धरौटी समेत | | १२८४३८५७२ | चालु खर्च तथा पूँजीगत खर्च | | ८४६६७४५७८ |
| क) नगद | ० | | चालु खर्च | ५००४५३३६१ | |
| ख) बैंक मौज्दात संचित कोष | ९५६०५१६७ | | पूँजीगत खर्च | ३४६२२१२१७ | |
| ग) बैंक मौज्दात प्रकोप व्यवस्थापन कोष | ३८८४१२६ | | धरौटी फिर्ता | | ५२७७३९५ |
| घ) बैंक मौज्दात धरौटी खाता | ११११४२८२८ | | कोष खर्च र मौज्दात | | |
| ङ) बैंक मौज्दात विविध खर्च खाता | ८०००५०१ | | क)कोषखर्च | | ६३८७७७४५ |
| च) बैंक मौज्दात विविध कोष खाता | ९८०५९४९ | | क) प्रकोप व्यवस्थापन कोष खर्च | ३१७७१२१ | |
| राजस्व (आन्तरिक आय) | | १९९८४१०९३ | ख)विभाज्य कोष खर्च | ६८८६१३९ | |
| क) आन्तरिक राजस्व | ७०८९९४१२ | | ग)विविध कोष खर्च | ४०८४४२६९ | |
| ख) राजस्व बाँडफाँड (संघ) | ९९२९९३३१ | | विविध खर्च खाता खर्च | १२९७०२१६ | |
| ग) राजस्व बाँडफाँड (प्रदेश) | १६२६०७७० | | ख)कोषमौज्दात | | ८२२७८८६ |
| घ) राजस्व बाँडफाँड (स्थानीय) | १३३८१५८१ | | प्रकोप व्यवस्थापन कोष | १९५७००५ | |
| वित्तीय हस्तान्तरण | | ६५०८००५४० | विभाज्यकोष | ० | |
| क)वित्तीय समानीकरण अनुदान संघ | १२८३४०००० | | विविध खर्च खाता | ३२६०४४० | |
| ख) सशर्त अनुदान संघ | ५०७३१०५४० | | विविध कोष खाता i) लैंगिकहिंसा पीडित महिला राहत तथा उद्धार कोष ) | ३००००० | |
| ग) विशेष अनुदान संघ | ११५०००० | | विविध कोष खाताii) बाल कल्याण कोष | १००००० | |
| घ) समपूरक अनुदान | १४०००००० | | विविध कोष खाताiii) कर्मचारी कल्याण कोष | ४६८३२ | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | २६४६०९५० | विविध कोष खाताiv) मर्मत सम्भार कोष | २५६३६०९ | |
| क)वित्तीय समानीकरण अनुदान | १४५०२७५० | | मौज्दात संचित कोष | | ७७९५५६५३ |
| ख) सशर्त अनुदान | ५०००००० | | क) नगद मौज्दात | ० | |
| ग) समपूरक अनुदान | ४१३८००० | | ख) बैंक मौज्दात संचित कोष | ७७९५५६५३ | |
| घ) विशेष अनुदान | २८२०२०० | | अनुदान फिर्ता | | ४७९३३८४४ |
| IPFMS **बाट भूक्तानी** | | २९५१८१०८६ | सशर्त अनुदान संघ सरकारमा फिर्ता | ४६७१७७२८ | |
| क) जेष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | २८७०७१७८० | | समपूरक अनुदान संघ सरकारमाफिर्ता | १०२३५६६ | |
| ख)पर्यटन पूर्वाधार विकास आयोजना | २०६१६२५ | | विशेष अनुदान प्रदेश सरकार फिर्ता | १९२५५० | |
| ग)गरिब सँग विशेश्वर कार्यक्रम | १८२६८१ | | **बैंक मौज्दात धरौटी** | | १५०१७०२९ |
| घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७१५००० | | IPFMS बाट भूक्तानी | | २९५१८१०८६ |
| ङ)प्रदेश सरकारबाट प्राप्त अन्य अनुदान | १५०००० | | क) जेष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | २८७०७१७८० | |
| विभिन्न कोषतर्फको आय धरौटी समेत | | ५९४२२९७५ | ख)पर्यटन पूर्वाधार विकास आयोजना | २०६१६२५ | |
| प्रकोप व्यवस्थापन कोष | १२५०००० | | ग)गरिब सँग विशेश्वर कार्यक्रम | १८२६८१ | |
| विविध कोष खाता | ३४०४८७६१ | | घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७१५००० | |
| स्थानीयतह विभाज्य कोष खाता | ६८८६१३९ | | ङ)प्रदेश सरकारबाट प्राप्त अन्य अनुदान | १५०००० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विविध खर्च खाता | ८०८६४७९ | | | | |
| धरौटी प्राप्त | ९१५१५९६ | | | | |
| जम्मा | | १३६०१४५२१६ | जम्मा | | १३६०१४५२१६ |

**( ख) सुत्रप्रणालीको पर्याप्तता र यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले आर्थिक कारोवारको लेखांकन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको चित्रण गर्नुपर्दछ । सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ । पालिकाले निम्नानुसार पाँच कार्यक्रमको रु. २९ करोड ५१ लाख ८१ हजार ०८६ अन्तरसरकारी खर्च एकीकृत बजेट तथा खर्च बिबरण अनुसुची १४ मा समावेश भएता पनि म.ले.प.फा.नं २७० मा समावेश देखिदैन। जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार म.ले.प.फा.नं २७० मा चित्रण हुने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | निकासा रकम |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक दीर्घ सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | २८७०७१७८० |
| २ | पर्यटन पूर्वाधार विकास आयोजना | २०६१६२५ |
| ३ | गरिब सँग विशेश्वर कार्यक्रम | १८२६८१ |
| ४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७१५००० |
| ५ | प्रदेश सरकारबाट प्राप्त अन्य अनुदान | १५०००० |
| | जम्मा | २९५१८१०८६ |

३ **लेखापरीक्षणको क्रममा असूली**

लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९४२८७९।०० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

| सि.नं. | रसिद/भौचर नं. | दाखिला मिति | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ७०२४८८९८ | २०८१।६।१६ | ३७१३८० | ढुंगा गिट्टि बालुवाको मुल्य अभिबृद्धि कर |
| २ | ७०२४८५९९ | २०८१।६।१६ | २८७३५९ | सशर्त तलब शिर्षकबाट बिद्युत पानी लगायतको भुक्तानी |
| ३ | ७०२६२२४६ | २०८१।६।१६ | २०६९०६ | स्वास्थ्यकर्मीहरुको बढि ग्रेड |
| ४ | ७०१७४७४० | २०८१।६।१४ | १०२३९ | नगर विकास समितिको अग्रिम कर |
| ५ | ६६८ | २०८१।६।१६ | १८७०० | पदाधिकारी सुविधा |
| ६ | ६७६ | २०८१।६।१८ | १७८५० | २१ जनाको नपाउने सहभागी भत्ता असुल |
| ७ | ६७० | २०८१।६।१६ | १६९५ | वर्ल्डलिङ्कको अग्रिम कर |
| ८ | ६६९ | २०८१।६।१६ | ३४०० | पदाधिकारीको अनुगमन भत्ता |
| ९ | ६५७-६६१ | २०८१।६।१६ | २२८०० | कर्मचारीको अनुगमन तथा बैठक भत्ता |
| १० | ६५९ | २०८१।६।१६ | २५५० | कर्मचारी बैठक भत्ता |
| | जम्मा | | ९४२८७९ | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । कुल खर्च रु ८४ करोड ६६ लाख ७४ हजार ५७७ को ४५.६५ प्रतिशतले रु ३८ करोड ६४ लाख ९० हजार ९०८ सामाजिक विकासका कार्यक्रमहरुका खर्च भएको देखिन्छ । पूर्वाधार बिकासमा ३६.२० प्रतिशत र आर्थिक बिकासमा ३.९६ प्रतिशत मात्र खर्च भएको छ। विकासका कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्दा स्थानीयको आय आर्जन भई गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने छिटो प्रतिफल प्राप्त हुने र स्थानीय स्रोत साधनको सदुपयोग हुने किसिमका पुँजीगत कार्यक्रममा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५२४५४६९१.०० | ३३५५५१४३.०० | ३.९६ |
| सामाजिक क्षेत्र | ४१६३४१७८८.०० | ३८६४९०९०८.१८ | ४५.६५ |
| पूर्वाधार विकास क्षेत्र | ३७९७२०८१७.०० | ३०६५३८८५८.९९ | ३६.२० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र /वातावरण तथा विपद् व्यवस्थापन | ३३७६८३००.०० | १५७८७२०८.०० | १.८७ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १२४०९१०००.०० | १०४३०२४५९.७१ | १२.३२ |
| **जम्मा** | १००६३७६५९६.०० | ८४६६७४५७७.८८ | **१००** |

५ **जिन्सी व्यवस्थापन -**

**जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा कर्मचारीहरुलाई सहायक जिन्सी खातामा अभिलेख नजनाई जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।सार्बजनिक सम्पत्ती ब्यबस्थापन प्रणालीमा प्रतेक सामनको स्पेसिफिकेसन खुलाई सहायक जिन्सी खाता अद्यावधिक र प्रमाणित गर्नु पर्दछ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाको २०८१।०४।०८ को जिन्सी निरिक्षण प्रतिबेदन अनुसार कुल रु. ३७ लाख ०८ हजार ८३२ मूल्यका २६ थान ल्यापटप रहेको छ। सो मध्ये ७ थान ल्यापटप मर्मत गर्नु पर्ने र ४ थान ल्यापटप लिलाम गर्नुपर्ने जिन्सी निरिक्षण समितिले ठहर गरेको छ। सोहि जिन्सी निरिक्षण प्रतिबेदन अनुसार कुल रु. २८ लाख ७२ हजार ७४२ मूल्यका ११३ थान प्रिन्टर रहेको छ। सो मध्ये १५ थान ल्यापटप मर्मत गर्नु पर्ने र ८ थान लिलाम गर्नुपर्ने जिन्सी निरिक्षण समितिले ठहर गरेको छ। लिलाम गर्नुपर्ने सामग्रीहरु लिलामी गरेको तथा मर्मत गर्नुपर्ने भनि औल्याएको सामग्रीहरु कार्यालय प्रमुखबाट मर्मत आदेश भएको छैन। नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गर्नुपर्दछ ।

६ **निर्माण कार्यको बिमा**

६.१ सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११२ (१क,घ र ङ) बमोजिम बिस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार र प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा जुनसुनै कारणबाट हुने सबै हानी नोक्सानी तथा निर्माण व्यवसायीले त्रुटि सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्य पालना गर्ने क्रममा हुन सक्ने हानी नोक्सानी समेतको बीमा गराउनु पर्ने व्यवस्था गरेको छ। तर यस पालिकाबाट सञ्चालित आयोजनाहरुमा म्याद थप भएकोअवधिको बिमाको म्याद थप भएको देखिएन। जसको कारणले आयोजना सञ्चालनका बखत हुन सक्ने सम्भावित जोखिम रहि रहने देखिएको छ। यस सम्बन्धमा कार्यालयले आयोजनाको म्याद थप गर्दा सोहि अवधिसम्मको बिमा गरेको प्रमाण राख्नुपर्ने देखियो।

केहि योजनाहरुमा ढिला बीमा गरेको देखिन्छ। पालिकाले निर्माण व्यवसायीबाट काम गराउँदा ठेक्का सम्झौता भएको मितिले १५ दिनभित्र बीमा गर्नु गराउनु पर्दछ।

| कामको विवरण (ठेक्का नं.) | निर्माण व्यवसायी | काम शुरु मिति | बिमा मिति | ढिला बिमा अवधि | बिमा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| Upgrading of jard khola pelkachaur road (PBM/Works/NCB-05/076/077) | Shree Geeta/Simran/Shree Creative | २०७७।३।३० | २०७७।५।१६ | ३० दिन | १४०००० |
| १४ नं. वडा भवन निर्माण (04/PM/NCB/W/078/079) | केशव निर्माण सेवा | २०७८।११।२९ | २०७९।३।१९ | ९५ दिन | ७४९१५ |

६.२ **प्रोभिजनल समः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) बमोजिमको अनुसूची-१ अनुसार श्रमिकको खर्च, निर्माण सामाग्रीको खर्च र यान्त्रिक उपकरणको भाडासहितमा १५ प्रतिशत ओभरहेड दिई आइटमवाइज निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। सोका अतिरिक्त योजनाको लागतमा समावेश गर्नुपर्ने निर्माण कार्यका लागि चाहिने बीमा खर्च, निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण तथा अन्य आइपर्ने खर्चको पनि अनुमानित लागतलाई समावेश गर्नुपर्ने हुन्छ । निर्माण व्यवसायीसँग निर्माण कार्यको लागि प्राप्त गरेको ईजाजत अनुसार निर्माण कार्य गर्दा निजले नियन्त्रण, परिचालन र व्यवस्थापनगर्नसक्ने श्रम, निर्माण सामाग्री र यान्त्रिक उपकरणको प्रयोगका हकमा आइटमगत दर माग गर्नुपर्ने हुन्छ । निर्माण व्यवसायीको क्षेत्र र नियन्त्रणमा नरहने बीमा, ल्याब टेष्टलगायतका खर्चको हकमा बजार दरका आधारमा **Provisional Sum**मा रकम राखी लागत अनुमान गर्नुपर्दछ ।

पालिकाले प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक निर्माणको ठेक्का गर्दा बीमावापतको रकमलाई **Provisional Sum** मा नराखी **Lump Sum** मा राखी रु. १५ लाखको लागत अनुमान गरेकोमा बोलपत्रदाताले रु. ६० लाख प्रस्ताब गरी दोस्रो बिल सम्ममा रु. ४५ लाख भुक्तानी लगिसकेको छ। लमसममा वास्तविक बीमा खर्च भन्दा बढी रकम राखेको कारण अनावश्यक भार परेको स्थिती हुन्छ । निर्माण व्यवसायीको नियन्त्रण र कार्यक्षेत्रमा नपर्ने जीवन र गैर जीवन बीमाको हकमा बीमा सेवा प्रदायक तथा बीमा समितिसँग समन्वय गरी प्रतिष्पर्धात्मक बजार दरका आधारमा बीमा खर्चलाई **Provisional Sum**मा राखेर निर्माण व्यवसायीले तोकिएको शर्तबमोजिम बीमा गराउँदा लागेको खर्च सोधभर्ना गर्ने व्यवस्था गर्नुपर्नेमा सो नगरी निर्माण व्यवसायीले बीमाको दर तोक्ने व्यवस्थाले वास्तविक बीमा खर्च भन्दा बढि भुक्तानी हुन गइ थप व्ययभार पर्ने देखिएकोछ। तसर्थ लमसममा राखि भुक्तानी दिएको रकमको यथार्थ बिमा प्रिमियम भुक्तानी माग गरी बढि देखिए असूल गर्नु पर्दछ।

## ७ ईन्टेक तथा पानीको पर्याप्तता बेगर नहर निर्माण

टापु सिंचाई योजनाको मुल नहर र सहायक नहरहरु आरसिसि संरचनामा निर्माण गर्न रु. १ करोड ९५ लाख ०३ हजार ७६४ को लागत अनुमान स्विकृत गरी रु. १ करोड ४९ लाख ७२ लाख ९१७ मा कार्य गर्ने गरी पिएस बिकेन्द्र बृहस्पती जे भीसग सम्झौता भएको छ।सो योजनाको स्थलगत अवलोकन गर्दा पानीको दिर्घकालीन श्रोत भएको मुहान नभई बर्षा यामको खहरे खोलालाई श्रोतको रुपमा लिई योजना कार्यान्वयन गरेको देखियो। मुहान भनिएको खोलामा बर्खायाम बाहेक पानी हुने देखिएन। बर्खा याममा पनि योजनाको ईन्टेक निर्माण स्थल आधिखोला बगर नजिक रहेको छ। जुन आधिखोलामा आउने बढिबाट सुरिक्षत गर्न लागत र प्राबिधक दृष्टिकोणले जटिल हुने देखिन्छ। हाल ईन्टेक बनाएको पनि छैन। ईन्टेक नबनाई तथा कमान्ड एरियाको लागि पानिको श्रोतको सुनिश्चितता नगरी योजना कार्यान्विन भएको देखिन्छ। यस बिषयमा पालिका स्पस्ट हुनु पर्दछ।

## ८ योजनाको प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ। उपर्युक्त विवरण

अनुसार पालिकाले एक लाख सम्मका २५८ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरी रु. २ करोड ४७ लाख १३ हजार खर्च गरेको देखिन्छ।सो बमोजिम औषत प्रतियोजना ९६ लाखमात्र बजेट बिनियोजन भएको देखिन्छ। साना योजनाहरुमा हुने वजेटको विनियोजनबाट गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण , भाषिक र सांस्कृतिक विकासमा पुगेको योगदानको अभिलेख पालिकाले राखेको छैन।जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम निर्माण गरिएको संरचनाको उदेश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भनि उपयुक्तताको परिक्षण समेत गरेको नदेखिएकोले ससाना योजनाहरुको समेत सो बमोजिमको परीक्षण गरी प्रमाणित गरेर मात्र कार्य स्वीकार गरी योजनाको रकम भुक्तानी गर्नु पर्दछ। साथै योजनाहरुको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि ५ लाख सम्म | | रु. ५ लाख देखि १० लाख सम्म | | रु. १० लाख देखि ५० लाख सम्म | | रु. ५० लाख भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २५८ | २४७१३ | २०३ | ७५१७८ | ६७ | ४७१५३ | ४३ | ५१६२७ | १२ | ११३०३२ |

## ९ उपभोक्ता समिति मार्फतको खरिद

९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने र नियम ९७(७)मा उपभोक्ता समितिले आफूले प्रतेक किस्तामा गरेको खर्चको सूचना सार्बजनिक स्थानमा टास गर्नुपर्ने र आफूले गरेका काम कारबाहिको सम्बन्धमा सार्बजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकृया बमोजिम सामाजिक लेखापरिक्षण गर्नु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम ९७क(९) बमोजिम लागत अनुमान अनुसार श्रमिकको लागत भार पचास प्रतिशतभन्दा कम भएको र लागत अनुमान अनुसार मेशिन औजारको लागत भार बीस प्रतिशतभन्दा वढी भएको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सकिनै छैन भन्ने व्यवस्था रहेको छ ।

यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएको निर्माण कार्यको परिक्षण गर्दा देखिएका ब्यहोराहरु निम्न छन:

| क्र.सं. | कार्यक्रमको नाम | चौमासिक रुपमा भएको खरिद सम्झौता रकम रु. हजारमा | | | | | | | | | | यस वर्षसम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम | | द्बितिय | | तेस्रो | | आषाढको | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | उपभोक्ता समिति | ५६४ | १९४६४० | ६५ | ९५८ | ४३८ | ४७९२४ | ५९ | १४५६६१ | २ | ९७ | ५६४ | १९४६४० |

### ९.२ सामाजिक लेखापरीक्षण:

उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्दछ। सो खर्चको सूचना सार्वजनिक स्थानमा टास गरी र आफूले गरेका काम कारबाहिको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नु पर्दछ। साथै हेभि उपकरण प्रयोग गर्नु पर्ने कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गर्नु हुदैन।

### ९.३ आंसिक कार्यस्वीकारः

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(६) बमोजिम उपभोक्ता समितिले गरेको हरेक कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु त्यसतो समितिको बैंठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। र कार्यालयले सो प्रमाणलाई परीक्षण गरी भुक्तानी गर्नु पर्दछ। पालिकाले उपभोक्ता समितिबाट गराएको कामको नमूना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यदिश दिएको काम सम्पन्न नगरेको काम अधुरो छाडेको अवस्थामा समेत प्राविधिक नापजाँचबाट जतिको काम देखिएको छ त्यसको आधारमा भुक्तानी गरेको देखिन्छ।

| गो.भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | अन्तिम **Valuation** | कामको प्रतिशत |
|---|---|---|---|---|
| ४२२-२०८१।२।२१ | काउले नुहार खामपुर सडक | ५३९२७५.६७ | ४३२७९६.३२ | ८०.२६ |

९.४ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले असूल हुनुपर्ने रु.

| गो.भौ.नं./मिति | कामको विवरण | अन्तिम मूल्याङ्कन रु. | उ.स.ले व्यहोर्ने १०% | भुक्तानी रु. | घटी अनुपातिक कट्टी रु. |
|---|---|---|---|---|---|
| २२-२०८०।७।२२ | वडा नं. ४ ग्रामिण सडक मर्मत | १९३२८७ | १९३२८.७ | १८०८४० | १४५१ |

| असुल गर्नुपर्ने | १,४५१ |
|---|---|

९.५ **प्राबिधिक मूल्यांकन नभएको**

अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले योजना नबनाई व्यक्तिगत रुपमा ग्याबिन जाली बितरण गरेको तथा प्राविधिकको सुपरभिजन बिना ग्याबिन जाली जस्तो जटिल प्रकृतिको काम व्यक्तिले आफै प्रयोगमा ल्याउदा मानविय क्षति समेत निम्त्याउन सकिने कुरालाई नकार्न सकिदैन। एक जनाले १६ वटा र २० वटा सम्म भरपाई गरी ग्याबिन जाली बुझि लगेको तर उक्त जालीहरु प्रयोग भएको प्राबिधिकले नाँपजाँच गरी कार्यसम्पन्न प्रतिबेदन पेश भएको छैन। यसरी वितरण गरेका ग्याबिन जालीहरु जडान भए नभएको बारे उपप्रमुखको संयोजकत्वमा गठन भएको अनुगमन समितिले अनुगमन गरेको समेत पाईएन।तसर्थ बितरित जालिहरु प्रयोग भएको निर्माण तथा संरक्षण कार्यको प्राबिधिक मूल्यांकन तथा कार्य सम्पन्न प्रतिबेदन प्रमाणस्वरुप पेश गर्नु पर्ने रु.

| गो.भौ.नं. /मिति | खरिद सामग्री | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५०३-२०८१।३।८ | २९० वटा ग्याबिन जाली | गण्डकी जि.आई. वायर एण्ड मेटल इन्डष्ट्रिज प्रा.लि. | ९७१६३० |
| ३७९-२०८१।२।१ | HDPE पाईप खरिद | रन्जना ट्रेडर्स | ९६७६२० |
| प्रकोप ब्यबस्थापन कोष | खानेपानीको पाईप बितरण | बिभिन्न | ५०५४३५ |

| प्रमाण पेश नगरेको | २४,४४,६८५ |
|---|---|

९.६ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,०९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

९.७ **नगद सहभागिता नदेखिएको:** पालिकाले यस बर्ष ५६४ उपभोक्तासमितिसग रु. १९ करोड ४६ लाख ४० हजारको सम्झौता गरी भुक्तानी भएको छ। पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेमा नगद सहभागिता नजुटाई बिल मूल्यांकनमा मात्र जनसहभागिताको हिसाब देखाएको छ। नगद सहभागिता जुट्ने आयोजनालाई मात्र प्राथमिकता दिई उपभोक्ता समिति मार्फत कार्य गर्नु पर्दछ।

९.८ **श्रमिक खर्चको बिश्वसनियता**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल , भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध श्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने ब्यबस्था छ। पालिकाले निम्नानुसार योजनाहरुको उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा समितिले पेश गरेको ज्याला र सामग्रि रकमको मूल्यांकन गरी भुक्तानी भएको छ। पेश भएको श्रमिकको नामनामेसी बिबरणमा बाबु र बाजेको नाम तथा नागरीकता नम्बर खुलेको छैन। साथै श्रमिकलाई बैंकबाट ज्याला भुक्तानी नगरी भरपाईको आधारमा खर्च दाबि गरेको छ। तसर्थ श्रमिक खर्चको यथार्थता र बिश्वसनियताको बिषयमा प्रमाण सहित छानबिन गरी खर्च रकम पुष्टि हुनु पर्दछ।

| क्र.सं. | भौचर नम्बर र मिति | योजनाको नाम | कुल खर्च | | |
|---|---|---|---|---|---|
| | | | ज्याला | सामग्रीको लागत | जम्मा |
| 1. | ५।२०८१।०३।२८ | चितिकुना कुटिमाटी खानेपानी योजना | १३९७५०० | ११४०१५० | २५३७६५० |
| 2. | ९२।२०८१।०३।२० | कुलेन चौपारी देखि अर्जुन चौपारी कालोपत्रे सडक | ४४२००० | १०८११५० | १५२३१५० |
| 3. | ८।२०८०।०७।१९ | बगुवाघाट झोलुङ्गे पुल निर्माण | १६९८००० | ६५२१८१ | २३५०१८१ |
| 4. | ५।२०८०।०७।१५ | ठुला डिहि रयाले झोलुङ्गेपुल निर्माण | १०३०६८९ | २५१३९२ | १२८२०८१ |
| 5. | ९।२०८०।०७।२९ | अम्बोटे धारापानी झोलुङ्गेपुल निर्माण | १३२५९५६ | ० | १३२५९५६ |
| 6. | १०।२०८०।०७।१९ | हलेदो जमर्के झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति | ६३१३३८ | १८४४२१ | ८१५७५९ |
| 7. | ३५।२०८०।१२।२८ | ठुलिबेसी नागडाडा सडक | ६८८६५१ | ३११९७९ | ९९९८३० |
| 8. | ६१।२०८१।०२।२८ | लत्रेपिपल डाडापारी उपल्लो पधेरा सडक | ५७१८९४ | १८५३१०६ | २४२५००० |
| 9. | १।२०८१।०३।१८ | गोटि खेल्ने पार्क निर्माण उपभोक्तासमिति | ३६५१०० | २०८५७४ | ५७३६७४ |
| 10. | १।२०८१।०३।१८ | पुण्यशिल ईन्द्रेश पदमार्ग निर्माण उपभोक्ता समिति | २६४५०० | २९५६५० | ५६०१५० |
| 11. | ४।२०८१।०३।१८ | शितलादेबी मन्दिर निर्माण उपभोक्ता समिति | ३४९५०० | ४४६१२० | ७९५६२० |
| | | जम्मा | | | ८७६५१२८ |

१० **Upgrading of Jardkhola-Pelkachaur Road**

जार्डखोला पिल्काचौर सडक स्तरोन्नती कार्य ठेक्का नं.(PBM/Works/NCB-05/076/077) बाट **Shree Geeta/Simran/Shree Creative** निर्माण व्यवसायीसँग रु. ५,६२,९३,९०२.७२ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ।यस निर्माण कार्यको शुरु सम्झौता अवधिः २०७७।३।३० देखि २०७९।३।२९ सम्म रहेकोमा प्रथम पटक १ वर्ष म्याद थप भई मितिः २०८०।२।२९ मा भेरिएसन सहित रु. ६,९६,०६,१०९.६५ को कार्यसम्पन्न भएको प्राविधिक मूल्याङ्कनबाट खुलेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय बमोजिमा रहेका छन्।

१०.१ पेश्की जमानत अवधि कम भएकोः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम(३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ।पालिकाले जार्डखोला पिल्काचौर सडक स्तरोन्नती कार्य ठेक्का नं. PBM/Works/NCB-05/076/077 बाट Shree Geeta/Simran/Shree Creative लाई गो.भौ.नं. ७७८-२०७७।३।३१ बाट रु. ५६,००,००० (जमानत अवधि २०७९।३।२७ सम्म) र गो.भौ.नं. ८-२०७७।६।२ बाट रु. ५६,००,००० (जमानत अवधि २०७९।३।३२ सम्म) गरी जम्मा रु. १,१२,००,००० पेश्की भुक्तानी गरेकोमा देहाय बमोजिम फछ्यौट गरेको देखियो। यसरी पेश्की जमानत भन्दा बढी अवधि पेश्की चलाएकोले ब्याजवापत हुन आउने रकम रु. ३६३८०२ सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं. /मिति | पेश्की फछ्यौंट रकम | पेश्की प्रयोग गरेको दिन | वार्षिक सयकडा १० प्रतिशतले हुने ब्याज |
|---|---|---|---|
| १०६-२०७९।१०।१९ | २६०४००० | २०२ | १४४११२ |
| २२१-२०७९।१२।०१ | १६९७२५९ | २४३ | ११२९९५ |
| ३३४-२०७९।१२।२९ | २६८९९०१ | २७१ | १९९७१५ |
| | जम्मा | | ३६३८०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६३,८०२ |

१०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **११,२३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०.३ भेरिएसनः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सो सम्झौत कार्यान्वयनका क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाको जार्डखोला पिल्काचौर सडक स्तरोन्नती कार्यको लागि निर्माण व्यवसायीले भेरिएसनको लागि मितिः२०७९।५।२६ मा Request गरेकोमा कार्यपालिकाले मितिः२०७९।७।४ मा भेरिएसन स्वीकृत गरेको देखिन्छ। यसरी शुरु सम्झौता रकम रु. ५,६२,९३,९२५.४० रहेकोमा भेरिएसन पछि रु. १,३३,३१,१८५.३०(२३.६८ प्रतिशत) लागत बढेर अन्तिम सम्झौता रकम रु. ६,९६,२५,१११.३० भएको देखियो। भेरिएसन गर्दा individual Item मा Base/Sub-base (२१.७ प्रतिशत) देखि Rubble masonary (४३ प्रतिशतसम्म) बढने गरी भेरिएशन दिएको देखियो।

१०.४ अन्तिम मूल्याङ्कन भन्दा बढी भुक्तानीः- अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण व्यवसायीलाई दिएको भुक्तानी र निर्माण कार्यको अन्तिम मूल्याङ्कन परीक्षण गर्दा देहाय बमोजिम रु. ९५०० बढी भुक्तानी दिएको देखियो। उक्त बढी देखिएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| गो.भ.नं./मिति | रनिङ्ग बिल | भुक्तानी रकम | अन्तिम मूल्याङ्कन |
|---|---|---|---|
| ६८२ - २०७८/०३/२८ | प्रथम | ९५५१४९३ | ६९६०६१०९.६५ |
| ६३१- २०७८/१२/१४ | दोस्रो | १०३७०९१३.६२ | |
| १०२२- २०७९/०३/२४ | तेस्रो | ५४८२३०३.२ | |
| १०६-२०७९/१०/१९ | चौथौँ | १३३७४३९३.९१ | |
| २२१-२०७९/१२/०१ | पाचौँ | ९५८९५१६.९७ | |
| ३४४-२०७९/१२/२९ | छैटौँ | १००७३६३९.२५ | |
| ४१९-२०८०/०१/२० | सातौँ | ५८३७८२०.६९ | |
| ६६०-२०८०/०२/३२ | आठौँ | ४२०२५८६.१६ | |
| १२०-२०८०/१०/०१ | अन्तिम | ११३२९४२.५२ | |
| जम्मा | | ६९६१५६०९.३१ | ६९६०६१०९.६५ |
| बढी भुक्तानी रु. | | | ९५००.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५०० |

## ११ परामर्श सेवा खरिद

११.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्दछ । यस्तो लागत अनुमान तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख छ । यसै गरी नियम ११ र नियम १२ मा क्रमशः मालसामान र परामर्श सेवाको लागत अनुमान तयार गर्ने सम्बन्धमा विचार गर्नुपर्ने विषयहरु समाहित गरिएको छ । पालिकाले प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक निर्माणको परामर्श सेवा तथा बिल मूल्यांकनको लागि परामर्शदाता श्री जि ओ ई सी डिजिकम विम ईम्पल्स सेड्स जे भी (६१८३०८८५७) सग रु १ करोड ७७ लाख ४२ हजारमा सम्झौता भएको छ। हाल सम्म परामर्शदातालाई रु. १ करोड ३२ लाख ३६ हजार भुक्तानी भईसकेको छ।

पालिकाले स्वीकृत नर्मस् तयार गरी लागत अनुमान तयार गर्नुपर्नेमा स्विकृत नर्मस् बेगर लागत अनुमान तयार गरेको छ । जनशक्तीको माग र आपूर्तिको वैज्ञानिक विश्लेषण गरी नर्मस् स्वीकृत गरेर मात्र लागत अनुमान तयार गर्नु पर्दछ । सम्झौता बमोजिम हालसम्म अनुसुचीमा उल्लेख भएका आईटममा निम्न बमोजिम भुक्तानी भएको छ। यस परामर्शदाताको खर्च सम्बन्धमा देखिएका थप ब्योहोराहरु निम्न छन्।

**(विस्तृत विवरण बेरूजु दफा ११.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ११.२ कार्यालय उपकरण:

परामर्शदाताले कार्यालय उपकरण वापत लमसममा रु ४ लाख भुक्तनि लिएको छ। सो उपकरण खरिदको बिजक मूल्यको बिश्वसनियता यकिन गरी सम्बन्धित सडक निर्माण पश्चात पालिकाको जिन्सी खातामा मूल्य समेत खुलाई आम्दानी जनाउनु पर्दछ।

### ११.३ मूल्य समायोजन

सार्बजनिक खरिद ऐन २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नसकिने ब्यबस्था छ। पालिकाले एक सडकको कार्य मुल्यांकन र भुक्तानी सिफारीश गर्न परामर्शदातासग सम्झौता गरेको देखिन्छ। सम्झौता

बमोजिम एक टिम लिडरलाई रु. ४५ लाख ६१ हजार र सुपरभिजन एण्ड क्वाईलिटी कन्ट्रोल ईन्जिनियरलाई रु. २८ लाख ५१ हजार पारिश्रमिक बितरण गर्ने शर्त सम्झौतामा रहेको छ। पालिकाले कार्य प्रकृति अनुसारको स्विकृत नर्मस बेगर सम्झौता गर्दा टिम लिडर लगायतका परामर्शदाताहरुको समुहलाई सम्झौतामा तोकिए बमोजिमको पारीश्रमिक बितरण गरी आयकर ऐन, २०५८ को दफा ८ बमोजिम बिज्ञहरुको पारीश्रमिक रकमलाई सम्बन्धित टिम लिडर तथा बिज्ञको रोजगारीबाट प्राप्त अयमा समावेश गरी सोहि ऐनको अनुसूची १ बमोजिम आयकर दाखिला गरेको प्रमाण पेश नभएकाले बिज्ञहरुको पारीश्रमिकमा थप हुने गरी दिएको मुल्य समायोजन थप भई आयकर तिरेको प्रमाण परामर्शदाताले पेश गरेको छैन। तसर्थ सम्झौताका बखत उल्लेख रकम अनियमित देखियो। बिज्ञहरुको पारिश्रमिकमा बृद्धि गरी बितरण भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२१,७८९ |

११.४ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५७०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१२ **पूर्बयोग्यता परीक्षणले वित्तिय प्रस्ताबमा प्रतिस्पर्धा नभएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) बमोजिम सार्बजनिक निकायले खरिद गर्दा यस ऐनको कार्यविधि पुरा गरी खरिद गर्नु पर्ने र दफा ३(२) मा यस यस ऐन बमोजिमको कार्यबिधि पूरा नगरी भएको खरिद बदर तथा अमान्य हुने ब्यबस्था छ सोहि ऐनको दफा२६(६)मा आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र रद्द हुने ब्यबस्था छ। पालिकाले प्रगतिनगर बाहकोट नाम्चे काल्खु सडकको रु. ४३ करोड १४ लाख ८९ हजारको लागत अनुमान स्विकृत गरी लामा कन्स्ट्रक्सनसग रु. ४० करोड ०८ लाख ८५ हजारमा सम्झौता भएको छ। सम्झौता रकम लागत अनुमान भन्दा ७.५ प्रतिशत मात्र घटि छ। शिक्षाशाखा प्रमुख श्री बाबुराम बरालको संयोजकत्वको बोलपत्र मुल्यांकन समितिले प्रस्ताब पेश गरेका ८ बोलपत्रदाता मध्ये ७ बोलपत्रदाताको प्राबिधिक योग्यता नपुगेको जनाई एक मात्र बोलपत्रदाता लामा कन्स्ट्रक्सनको आर्थिक प्रस्ताबलाई सारभूत रुपमा प्रभावग्राहि ठहर गरेको छ। सात निर्माण ब्यबसायीको बोलपत्र प्रस्ताब निम्न कारण जनाई अस्विकृत भएको छ। बोलपत्र दर्ता संख्या उल्लेख्य भएतापनि बिड डकुमेन्ट शुल्क फरक खातामा जम्मा भएको जस्ता निर्माण कार्यको प्राबिधिक पक्षसग असम्बन्धित बिषयहरु समेतले प्राबिधिक मूल्यांकनमा अनुत्रिर्ण गराउदा एक मात्र प्रस्ताबदाताको आर्थिक प्रस्ताव स्विकार भएबाट मितब्ययी रुपमा खरिद सम्झौता भएको देखिएन। चार वटा प्रस्तावदाताको ग्याबिन कार्यको परिमाण नपुगेको जनाई प्राबिधिक प्रस्ताब अस्विकार भएकोले एक मात्र प्रस्ताब दाता सारभुत रुपमा प्रभावग्राहि ठहर भएकोले वित्तिय प्रस्तावमा प्रतिस्पर्धा भएको छैन। अधिकतम प्रतिस्पर्धा हुने गरी स्पेशिफिकेसन तयार गरेर मितब्ययी र गुणस्तरीय निर्माण कार्य गर्नु पर्दछ।

| क्र.सं. | निर्माण ब्यबसायीको नाम | अस्विकृत हुनको कारण |
|---|---|---|
| 1. | बानिया निर्माण सेवा | १०२३१ घनमिटर ग्याबिन कार्यको अनुभव नपुगेको |
| 2. | रौताह कन्स्ट्रक्सन प्रा ली | ३९६०M15 सिमेन्ट कन्क्रिट कार्यको अनुभव नपुगेको |
| 3. | स्वच्छन्द निर्माण सेवा प्रा ली | कार्यालयले तोकेको खातामा बिड डकुमेन्ट फि जम्मा नभएको |
| 4. | ओमसाईराम फेवा जे भी | १०२३१ घनमिटर ग्याबिन कार्यको अनुभव नपुगेको |
| 5. | बेजिङ केली हाउजिङ डेभलपमेन्ट एण्ड एसिपिएल जे भि | १०२३१ घनमिटर ग्याबिन कार्यको अनुभव नपुगेको |
| 6. | दिवा पाण्डे एण्ड कम्पनी जे भी | १०२३१ घनमिटर ग्याबिन कार्य र ३९६०M15 सिमेन्ट कन्क्रिट कार्यको अनुभव नपुगेको |
| 7. | एनएनटी डेभलपर्स प्रा ली | ईएस अस्फाल्टको क्राईटेरिया नपुगेको |

## १३ ट्याक कोटको बढि परिमाण भुक्तानी

१३.१ सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को टेवल नम्बर १३.१० मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ लिटर सम्म हुने उल्लेख छ। पालिकाले जार्डखोला पेल्काचौर सडकको निर्माण ब्यबसायी गिता, सिमरन, क्रिएटिभ जेभीलाई कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति बर्गमिटर १ लिटरको दरले लागत अनुमान तयार गरी सोहि बमोजिम भुक्तानी दिएको देखियो । तसर्थ २५०५० लिटरको भुक्तानी भएको मध्ये बढि परिमाण १००२० लिटरको प्रति लिटर १५० को दरले बढी भुक्तानि भएको रु. १५०३०००।०० लागत अनुमान स्विकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असूल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०३,००० |

१३.२ सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को टेबल नम्बर १३.१० मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ लिटर सम्म हुने उल्लेख छ। पालिकाले बाँडखोला नयाँबजार लत्रेपिपल सडकको निर्माण ब्यबसायी राहुल लाखे जेभीलाई कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति बर्गमिटर १ लिटरको दरले लागत अनुमान तयार गरी सोहि बमोजिम भुक्तानी दिएको देखियो । तसर्थ ३८३२ लिटरको भुक्तानी भएको मध्ये बढि परिमाण १५३२ लिटरको प्रति लिटर १७० को दरले बढी भुक्तानि भएको रु. २६०५७६।०० लागत अनुमान स्विकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६०,५७६ |

१३.३ सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को टेवल नम्बर १३.१० मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ लिटर सम्म हुने उल्लेख छ। पालिकाले नयाँबजार ठुलाडिहि सडकको निर्माण ब्यबसायी बानिया निर्माण सेवालाई कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी प्रति बर्गमिटर १ को दरले लागत अनुमान तयार गरी सोहि बमोजिम भुक्तानी दिएको देखियो । तसर्थ १६५०५ लिटरको भुक्तानी भएको मध्ये बढि परिमाण ६६०२ लिटरको लिटर १०० को दरले बढी भुक्तानि भएको रु. ६६०२००।०० लागत अनुमान स्विकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असूल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६०,२०० |

## १४ कानुनी सल्लाहकार:

भौचर ३९५।२०८०।११।०३

सल्लाहकार वा परामर्शदातालाई सम्झौता बमोजिमको रकम मात्र भुक्तानी गर्नु पर्दछ। कार्यपालिकाको २०७९।०३।३२ को निर्णय नम्बर ५(ङ) मा कानुन ब्यबसायी श्री तुलसी गिरीलाई कानुनी सल्लाहकारको जिम्मेवारी दिने निर्णय भएकोमा सम्झौता गरी पारिश्रमिक तोकिएको देखिएन। बिन्ध्याबासिनी ल फर्मका अधिबक्ता श्री तुलसी गिरीले शिक्षक अभिभावक संघहरु बिगठनहुने निर्णयको बिषयमा परेको मुद्दामा पालिकाको तर्फबाट बहस पैरबि गरे वापत रु. ४ लाख ८६ हजार पारिश्रमिक दाबि गरेको देखियो। सो बिषयमा २०८०। १०।०३ को कार्यपालिकाको निर्णय नम्बर ७ मा परामर्श शिर्षकबाट माग गरे बमोजिमनै पारिश्रमिक दिने निर्णय भएको देखिन्छ। तत्पश्चात लेखा अधिकृतले कानुन ब्यबसायीले पेश गरेका बिल भरपाईहरु उपयुक्तनै भएको भनि राय दिएको र भुक्तानी भएको छ। कार्यक्षेत्रगत शर्त तोकि सम्झौता गरेर मात्र परामर्श सेवाको रकम भुक्तानी गर्नु पर्दछ।

## १५ बोलपत्र तथा अन्य सूचना प्रकाशन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१ख) मा एकै पटक वा पटक पटक गरी एकै फर्म, कम्पनी, व्यक्ती वा संस्थाबाट एक आर्थिक बर्षमा सिमा भन्दा बढिको सोझै खरिद गर्न नसकिने व्यवस्था छ। साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान तयार गर्नु पर्ने ब्यबस्था छ। कार्यालयले पूँजिगत तर्फ कन्टिन्जेन्सीबाट सूचना प्रकाशनको

लागि बिभिन्न प्रकाशकहरु बिच प्रतिस्पर्धा नगराई सूचना प्रकाशनमा रु. ३ लाख ७९ हजार खर्च लेखेको छ। यसै गरि चालु खर्च तर्फ वर्ष भरीमा रु. १० लाख ४९ हजार सूचना प्रकाशनमा खर्च गरेको छ। सूचना प्रकाशन गर्दा मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने संस्थासँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ ।

| क्र.सं. | भौचर | रकम |
|---|---|---|
| १ | ३६।२०८०।१२।२८ | ११८६५० |
| २ | ४५।२०८१।०१।१८ | ७९२४१ |
| ३ | ५५।२०८१।०२।१७ | ९२१६६ |
| ४ | ६०।२०८१।०२।२४ | ८८९८० |
| | जम्मा | ३७९०३७ |

## १६ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वियन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वियन गर्ने विषयलाई ध्यान दिनुपर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वियन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट यो वर्ष रु. ३१ करोड १७ लाख ०३ हजारको ५८३ वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा रु. ३ करोड १७ लाख २५ हजारको ७२ वटा मात्र सम्झौता भएको पाइयो । ठेक्का वन्दोवस्त सम्बन्धी कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १७ पुँजीगत खर्च विश्लेष्ण

आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । पालिकाबाट प्राप्त बिबरण अनुसार कुल पुँजीगत खर्च रू. ३४ करोड ६२ लाख २१ हजार भएको देखिन्छ। सो मध्ये प्रथम त्रैमासिकमा रू. १ करोड ३६ लाख ५९ हजार , दोश्रो त्रैमासिकमा रू. ५ करोड ६६ लाख ०९ हजार , तेस्रो त्रैमासिकमा रू. ८ करोड ६५ लाख ८१ हजार र चौथो त्रैमासिकमा रू. १८ करोड ९३ लाख ७२ हजार र असार महिनामा मात्रै रू. ८ करोड ६४ लाख ५१ हजार खर्च भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ । चौथो त्रैमासिकमा मात्र भएको ५४.७० प्रतिशत खर्च र आसार महिनाको मात्र २४.९७ प्रतिशत खर्चले योजनाहरुको कार्यन्वयन मितब्ययी र प्रभावकारी ढंगले सञ्चालन भएको छ भनि सुनिश्चित हुने अवस्था छैन। बर्षान्त केन्द्रित खर्चले पालिकाको बिकास र तहाँको जनताको समृद्धिमा पुगेको योगदानको प्रभाव मुल्यांकन(Impact Evaluation) हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १८ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

१९ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची - १ मा समावेश रहेको छ । उक्त अनुसूचिमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति रकम खर्च भएको भन्ने सम्बन्धमा एकिन गर्न सकिएन । नियममा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी त्यस्तो खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाउने,यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट प्राप्त बिबरण अनुसार यो बर्ष रु ३८ लाख ५५ हजार ८४२ कन्टिन्जेन्सी खर्च भएकोमा सभाबाट चालु खर्च शिर्षकमा बिनियोजन भएको कार्यालय सञ्चालन तथा अनुगमनमा रु १९ लाख ४३ हजार र मर्मत तथा ईन्धनमा रु. २ लाख ०५ हजार खर्च भएको छ। पालिकाको बजेट र विनियोजन ऐन बमोजिम खर्च भई सकेको शिर्षकमा कन्टिन्जेन्सीबाट योजनाको लागतमा समावेश गरी भएको खर्च नियमित देखिएन। कार्यबिधि बनाई मापदण्ड बमोजिम मात्र कन्टिन्जेन्सीमा खर्च गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **सफ्टवेयर खरिद र उपयोगको अवस्था**

कार्यक्रमको सेवा प्रवाह तथा कार्य सञ्चालनको लागि सफ्टवेयर खरिद गर्दा आवश्यकताको विश्लेषण गरी तयार गरेको सफ्टवेयर प्रयोगकर्ताबाट स्वीकार्य परीक्षण भई सूचना प्रविधि विभागमा दर्ता गरेर सुरक्षणको पक्ष समावेश गरिएका सफ्टवेयरहरु मात्र खरिद गरी उपयोग गर्नुपर्दछ। पालिकाबाट निम्नानुसारको ४ सफ्टवयर रु. २८ लाखमा खरिद भएकोमा प्रभावकारी र पुर्ण रुपमा कार्यन्वयनमा आएको देखिएन। सञ्चालनमा रहेका सफ्टवेयरहरुको प्रभावकारी कार्यान्वयन तथा source code open गरी अन्य पालिकाहरुले समेत सोहि सफ्टवयर पुन: खरिद नगरी प्रयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्दछ।साथै कार्यान्वयनमा नआएको सफ्टवयर खरिदको सम्बन्धमा यकिन गरी प्रयोग हुन नसक्ने देखिएमा खरिदकार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च | यो वर्षको मर्मत सम्भार खर्च | हाल सम्मको मर्मत सम्भार खर्च |
|---|---|---|---|---|---|
| १ | HMIS | २०७९।८० | ९ लाख | ११३९४६ | ११३९४६ |
| २ | डिजिटल प्रोफाइल | २०७८।७९ | १४ लाख | १४२२१५ | १४२२१५ |
| ३ | इ-सिफारिस | २०७९।८० | ५ लाख | ४१४१९ | ४१४१९ |
| ४ | SEVMIS | २०७९।८० | UNDP बाट अनुदान | ६४५६० | ६४५६० |
| | जम्मा | | २८००००० | | ३६२१४० |

२१ **गतवर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले निम्नानुसार रु. १ करोड १४ लाख ८४ हजार ३८१ गत बर्षको दायित्व भुक्तानी गरेको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नु पर्दछ।

| सि.नं. | कार्यक्रम/शीर्षक/योजना | रकम |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर तथा पर्यटकीय क्षेत्र विकास | १९४०४६ |
| २ | वडा कार्यालय भवन क्रमागत र नयाँ निर्माण | ९२२५६२६ |
| ३ | चम्पागिरी धार्मिक पर्यटन पूर्वाधार विकास | ३३१४२० |
| ४ | कल्छेङ्दी लिफ्टिङ खानेपानी | २४९६८८ |
| ५ | जिओईसी डिजिकन जेभि (भौ.नं. २।२०८०।६।२१) | १४८३६०१ |
| | जम्मा | ११४८४३८१ |

२२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने तथा नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको फर्छौट गर्न बाँकि पेश्किको बिबरण अनुसार रु. ६ करोड ९१ लाख ५३ हजार ५०८ पेश्कि फछ्र्यौट गर्न बाँकि देखियो।

| विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|
| मोविलाइजेसन | ० | ६८१४४३०८ | ६८१४४३०८ |
| अन्य पेश्की | १००९२०० | ० | १००९२०० |
| जम्मा | १००९२०० | ६८१४४३०८ | ६९१५३५०८ |

२३ **म्याद थप**

सार्बजनिक खरीद नियमावली, २०६४ को नियम १२१(क) मा खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्बन्धित निर्माण व्यवसायीले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनको दरले पूर्बनिर्धारीत क्षतिपूर्ति दिनुपर्ने ब्यबस्था छ। ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । तर म्याद थप गर्दा सम्झौताको उक्त व्यवस्थाको सट्टा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को आधारमा अन्य कारणहरु देखाइ थप गरिएको छ। सम्झौता अनुसार कार्यतालिका अध्यावधिक गर्ने, पूर्व जानकारी दिने, डेली डायरी राख्ने र दिन गन्तीका हिसाबले म्याद थप गर्ने अभ्यास देखिएन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक सम्झौता विपरीत म्याद थप गर्ने गरेको छ। कोभिड लगायतको बिपदको प्रभाव नरेहको २०८०।८१ मा पनि निर्माण व्यवसायिहरुले सन्तोषजनक रुपमा कार्य गरेको पाईएन। सार्वजिनक खरिद नियमावलीको १२ औं संशोधन (२०७९।०३।२०) मा पहिले देखि सूरु भई अधुरो रहेका ठेक्काहरुको २०८० आषाढ मसान्तसम्म १ वर्ष विना आधार म्याद थप गर्ने व्यवस्था गरी त्यसको कार्यान्वयन सुरु भइसकेको छ । निर्माण व्यवसयीलाई पटक पटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउने पालिकाको कमजोरीका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ। खरिद कानुन र ठेक्का सम्झौता अनुसार काम नगर्ने नगराउने निर्माण ब्यबसायी र निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार नबनाएको कारण रु. १ करोड २४ लाख ०६ हजार ३९५ पूर्बनिर्धारित क्षतिपूर्ती नलिने गरी म्याद थपको निर्णय भएको छ। यसबाट निर्माण कार्यको समय र लागत दुबै बढ्ने हुदाँ निर्माण ब्यबसायीको ढिलाईको कारणले भएको म्याद थपमा पूर्वनिर्धारीत क्षतिपूर्ति लिने निर्णय गरी मात्र म्याद थप गर्नु पर्दछ।

- पूर्ब निर्धारित क्षतिपूर्ति लिएर मात्र म्याद थप गर्नलाई निम्न बिषयलाई प्रमुख आधारको रुपमा लिईनु पर्दछः
- ठेक्काको काम गर्दा ठेकेदार र इन्जिनियरले डेली डायरी नराखेको,
- प्रत्येक ६० दिनमा कार्यतालिका अध्याबधिक नगरेको,
- घटनाको प्रभावको गणना गरी दिनगन्तिमा मात्र म्याद थप गर्नु पर्नेमा एकमुष्ट म्याद थप गरेको,
- सम्झौता अनुसार काम सुरु गर्न ढिलाई गरेको,
- बर्षायाममा कार्य गर्ने गरी कार्यतालिका बनाउने तर कार्य नगर्ने गरेको,

  माथिको आधारमा निर्माण व्यबसायीको ढिलाईको कारण म्याद थप भएको पुष्टी भए पछि अनिबार्य रुपमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी मात्र म्याद थप गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा करिव ३३.८२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मसका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।लागत अनुमानलाई सहि र यथार्थपरक बनाउनु पर्दछ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 01/PM/NCB/W/080/81 | Kanchibazar Narayanghat lumdi Gramin Sadak | Syangja Construction | ९९९३७६३ | ७०९६६६६ | २८.९८ |
| 06/PM/NCB/W/080/081 | Girija Prasad Marga Hudai Arjunchaupari jodne Sadak Nirman | Purchase Construction | ३९९९९५१ | २६४७२०५ | ३३.८२ |
| 03/PM/NCB/W/080/081 | Masarka Moharjya Hudai Dulegauda Sadak | Purchase Construction | ४९९०४०७ | ३४९४०३५ | २९.९८ |

यसरी ठेक्का मार्फत निर्माण कार्य निर्माण व्यवसायीबाट गराउँदा शुरु लागत अनुमानको २९ प्रतिशत देखि ३४ प्रतिशतसम्म घटीमा सम्झौता भएको अवश्थामा पालिकाले जटिल किसिमको प्राबिधिक क्षमता आवश्यक पर्ने रु. २६,९५,१६७ लागत अनुमानमा भएको राहाले चण्डिस्थान ग्रामिण सडक र रु. २१,५५,६४० लागत अनुमान भएको स्याङ्गजा हुनीकोट सडक निर्माण कार्य प्रतिस्पर्धा बेगर उपभोक्ता समितिबाट गराउदा दुई योजनाको रु. ४८ लाख ५० हजार ८०७ को २९ प्रतिशतले रु. १४०६७३४ बढि खर्च भएको छ। कानुन बमोजिम मितब्ययीतवरले निर्माण कार्य गर्नु गराउनु पर्दछ।

२५ **१० नं. वडा कार्यालय भवन निर्माण कार्य**

२५.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। पालिकाले यस वर्ष ४ वटा वडा कार्यालय भवनहरु निर्माणमा निम्नानुसार खर्च गरेको छ। जस मध्ये १० नं. वडा कार्यालय भवन जोखिमयूक्त भिरालो जमिनमा बनाएको कारणले भवन निर्माणको लागत्य अन्य वडा भवनको भन्दा अस्वभाविक रुपले बढी देखिएको छ। निर्माणाधिन चार वटा वडा कार्यालय भवनको लागत बिश्लेषण गर्दा १० नम्बर वडा भवन बनाउनका लागि वडा नम्बर ६, ११ र १४ को (वडा नं. १० बाहेकका) कुल लागत अनुमान जोडदा रु. २,९५,६४,४९१ को तुलनामा एउटै वडा नं. १० भवनको लागत अनुमान रु. २९,०७,९३४ ले मात्र कम देखिन्छ।अर्थात अन्य तिन वटा वडा भवनको लागत अनुमानको ९० प्रतिशत एउटै वडा कार्यालय भवनको लागत अनुमान रहेको छ। तसर्थ १० नम्बर वडा कार्यालय भवन निर्माण कार्य मितब्ययि र नियमित देखिएन। चार वटा वडा भवनहरुको निर्माण लागत मध्ये दोस्रो सबैभन्दा बढि खर्च भएको वडा नम्बर ११ को वडा भवनको सम्झौता रकम रु. ७६१८०६६।०० भन्दा पनि

१० नम्बर वडा भवनको हालसम्मको भुक्तानीनै रु. ६९ लाख ६७ हजार ८३५ बढि खर्च भईसकेको छ। तसर्थ दोस्रो अधिकतम लागतको ११ नम्बर वडा कार्यालय भवनको कुल लागत भन्दा(कुल सम्झौता ) पनि बढि खर्च भएको रकम नियमित नदेखिएकोले यस किसिमको खर्चको सम्बन्धमा सेवाग्राहिलाई कम सुबिधा हुने तर निर्माण लागत बढि पर्ने गरी निर्माण कार्य गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।



यो भवन निर्माणमा देखिएका थप ब्यहोराहरु निम्न छन्।

| योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | खर्च रकम |
|---|---|---|---|
| १० नं. वडा भवन निर्माण | २६६५६५५७ | १६८६६००० | १४५८५९०१ |
| ११ नं. वडा भवन निर्माण | १०२७४७५२ | ७६१८०६६ | ७३५४०७४ |
| १४ नं. वडा भवन निर्माण | ९६५२२५० | ६८५८०७९ | ६८२६५०६ |
| ६ नं. वडा भवन निर्माण | ९६३७४८९ | ६८८१९५० | ६२६०५८२ |

- लेखापरीक्षणको क्रममा स्थलगत निरिक्षण गर्दा पालिकाले निर्माणाधिन वडा कार्यालयबाट ५०० मिटर आसपासको दुरीमा रहेको राङखोला बजारमा जग्गा खरिद गरी वडा भवन निर्माण गरेको भए पनि यस स्थानमा भवन निर्माण गर्दाको लागत भन्दा कम लागत पर्ने, सेवाग्राहिलाई सहज सेवा प्रदान गर्न सकिने तर्फ ध्यान नदिई जोखिमयूक्त भिरमा पालिका भवन निर्माणको निर्णय भएको देखियो।
- नजिकै राङखोला बजारमा फाँटिलो जमिन प्रसस्त रहेकोले त्यहाँ मुआब्जा दिई जमिन खरिद गर्न पहलै नगरी भिरमा वडा कार्यालय भवन बनाउदा पहुँच सडक समेत ग्रेडिङ नमिलेको धेरै उकालो पर्न गई सेवाग्राहि तथा सेवा प्रदायकको सवारी दुर्घटना हुने जोखिम रहेको। तथा सवारी टर्निङ गर्न र पार्किङ गर्न असहज हुने अवस्था छ। भौगोलिक अवस्थिति हेर्दा जेष्ठ नागरीक र फरक शारिरिक क्षमता भएका नागरीकहरुले सेवा लिन कठिन हुने देखिन्छ।
- त्यस्तै, पहाडलाई काटेर पहाडलाई छेक्नको लागि रिटेरनिङ्ग वाल लगाएको, उक्त रिटेनिङ्ग वालबाट बर्षा याममा नियमित पानिको मुलनै झर्ने गरेको तथा जतिबेला पनि वडा भवन पछाडिबाट पहिरो जान सक्ने अवस्था रहेको छ।साथै भवन निर्माणको मुल कार्य भन्दा जमिन संरक्षण, पहुँच सडक तथा अन्य बाहिरी संरचना निर्माणमा बढि खर्च भएको छ।साथै भविश्यमा समेत भवनको सुरक्षा र संरक्षणमा नियमित खर्च गर्नु पर्ने अवस्थाले लागत अझ बढ्ने अवस्था छ।

| | |
|---|---|
| अनियमित भएको | ६९,६७,८३५ |

२५.२ ( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **११,६७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **११ नं. वडा कार्यालय भवन निर्माण**

पालिकाको ११ नं. वडा कार्यालय भवन निर्माण कार्य ठेक्का नं. (**06/PM/NCB/W/078/079**) बाट **Hamro Engineering and Construction** निर्माण व्यवसायीसँग रु. ७६,१८,०६६.७६ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ।यस निर्माण कार्यको शुरु सम्झौता अवधिः २०७९।३।१ देखि २०८०।३।१५ सम्म रहेकोमा अनिश्चित कालिन म्याद थप भई मितिः २०८१।२।१३ मा रु. ७३,५४,०७६.६६ को कार्यसम्पन्न भएको प्राविधिक मूल्याङ्कनबाट खुलेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय बमोजिमा रहेका छन्।

२६.१ ( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५३,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६.२ **म्याद थपः-** ११ नं. वडा कार्यालय भवन निर्माण कार्यको शुरु सम्झौता अनुसारको सम्झौता मितिः २०७९।३।१ देखि २०८०।३।१५ सम्म रहेकोमा निर्माण व्यवसायीले सम्झौता अवधिमा कार्य नसकेको कारणले सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १२०(२ग) मा भएको खरिद सम्झौताको अवधि थप सम्बन्धि व्यवस्थालाई आधार मानी मितिः२०८०।२।१४ मा ३ महिना म्याद थप गरिदिन निवेदन पेश गरेको छ। उक्त निवेदनको सन्दर्भमा कार्यपालिकाको मितिः २०८०।४।३१ को निर्णयले म्याद थपको अवधि २०८०।६।१५ सम्ममा काम सक्ने निर्णय भएकोमा कार्य सम्पन्न नगरी निर्माण व्यवसायी सम्पर्कमा नआएको अवस्थामा समेत कार्यपालिकाको मितिः २०८१।२।१५ को निर्णय अनुसार २०८१।२।१५ सम्म काम सकिने गरी दोस्रो पटक म्याद थप गरेको छ। यसरी निर्माण कार्य सम्पन्न नगरी सम्पर्क विहिन भएको अवधि मितिः २०८०।६।१६ देखि २०८०।१२।१८ सम्म १८२ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम रकम रु. ५,९८,९९४ असूल नगरी म्याद थप गर्ने निर्णय औचित्यपूर्ण देखिएन।

२७ **म्याद भित्र पेश्की फछर्यौंट नगरेको**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६,१९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम –**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत 12 वडामा 44 योजना सञ्चालन गरी यस वर्ष 8४ जनालाई औसत 90.81 दिनले 7628 दिन रोजगारी उपलव्ध गराई रु. ५१ लाख ८७ हजार श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा कार्यक्रम अवधिभरको

लागि अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## २९ सामाजिक सुरक्षा

२९.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था रहेको छ। पालिकाले सोही अनुसार लाभग्राहीको लगत अद्यावधिक गर्नुपर्दछ । पालिकाले बैङ्कमार्फत निम्नानुसार चार त्रैमासिकमा रु. २८ करोड ७४ लाख २३ हजार ४८६ सामाजिक सुरक्षा भत्ता निकासा तथा खर्च गरेको देखिन्छ। निकासा रकमकार्यविधिको अनुसूची १० अनुसार पालिकाबाट रकम प्राप्त हुनासाथ बैंकले लाभग्राहीको खातामा जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed)र बाँकी रकम भए सो रकम समेतको जानकारी पालिकालाई गराई उक्त बाँकी रकम त्रैमासिक रुपमा समायोजन गरी वितरण गर्नु पर्दछ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो खर्च नभएमा समयमानै सङ्घीय सञ्चित कोषमा त्रैमासिक रुपमानै फिर्ता गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) बमोजिमनगरपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकामा १४ वडा रहेको र सबै वडाहरुमा विभिन्न १० वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। सबै वडाहरुमा यस आर्थिक वर्षमा रु. २८७०२३८३९।९७ भत्ता वितरण गरी बैंकहरुले वितरण गरी बाँकी रहेको रकम जम्मा रु. ३९९६४६।८८ को ले नि का फिर्ता गरेको छ। पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरणको अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण प्रक्रियालाई प्रभावकारी र पारदर्शि बनाउनुपर्दछ।

## ३० कृषि अनुदान

सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एंव अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष अनुदान पाएकानिम्न कार्यक्रमहरुको रु. २१ लाख ८९ हजार ६८२ को उपयोग सम्बन्धमा अनुगमन गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा प्रतिवेदन तयार गरेको छैन । विभिन्न कार्यविधिहरुमा एकपटक कुनै तहबाट अनुदान लिएकाको हकमा 2/3 बर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी अभिलेख राखेको समेत देखिदैन । मापदण्ड तथा कार्यविधिमा अनुदान ग्राहीले कम्तिमा 10 बर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव बमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन । जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाडने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गरी अनुदानग्राहीले तिन तहकै सरकारबाट अनुदान लिए नलिएको सुनिश्चित गर्नु पर्दछ।

| पालिकाको अनुदान रकम | | कार्यसम्पन्न प्रमाण पेश नभएको | |
|---|---|---|---|
| **संख्या** | **अनुदान रकम** | **किसानको लगानी** | **कुल खर्च रकम** |
| ४ वटा कम्बाइन मिल | 68000 | 68000 | 136000 |
| 18605 मिटर सिंचाइ पाइप | 38368२ | 38368२ | 767363 |
| आ.व. ०८०/८१ मा मा स्थापना भएको फलफूल पकेट निरन्तरता | 600000 | 600000 | 1200000 |
| हरियो घाँस विस्तार कार्यक्रम १० वटा फर्म | 348000 | - | प्रति रोपनी ३ हजार |
| पशुपालन प्रवर्द्धन कार्यक्रम ८ वटा फर्म | 790000 | 790000 | 1580000 |
| जम्मा | 2189682 | 1841682 | |

### ३१ प्रकोप ब्यबस्थापन कोषबाट आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी प्रकोप ब्यबस्थापन कोषबाट हरि बहादुर कार्किलाई रु. ७५० देखि पार्वतीगुरुङलाई रु. ५० हजार सम्म २०८ जनालाई रु. १२ लाख ७६ हजार ९०९ बितरण गरिएको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।साथै आर्थिक सहायता तथा उपचार खर्च उपलब्ध गराइएका व्यक्तिहरुको लगत अभिलेख अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ।

### ३२ विज्ञानप्रयोगशाला /पुस्तकालय

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका ७ विद्यालयलाई बिज्ञान प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापनका लागि रु. ६५००००।- का दरले रु. ४५ लाख ५० हजार निकासा भएको देखिन्छ । विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०८१ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।बिद्यालयहरु बिज्ञान प्रयोगशाला तथा पुस्तकालयको लगि उपकरण तथा पुस्तकहरु खरिद गरेको बिल भरपाईहरु पेश गरेका छन तर कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरेका छैनन्।

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले एक लाख भन्दा बढिको सामान खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने र तयार गरिएको लागत अनुमा अद्यावधिक गरी राख्नु पर्ने ब्यबस्था छ।सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ५(क) बमोजिम मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, बिशेष आवस्यकता वा अन्य बिबरण तयार गरी गराई नियम १४ बमोजिम स्विकृत गराउनु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रहि सम्बन्धित सार्बजनिक निकाय वा त्यस्तो सार्बजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनु पर्ने व्यबस्था छ । बिद्यालयले नियमावली बमोजिम मितब्ययी तवरले खरिद गरी कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | विज्ञानप्रयोगशाला /पुस्तकालय |
|---|---|---|---|
| १ | श्रीकाजिमान हरिटिका मा.वि. | ३ कुमालगाउँ | ६५०००० |
| २ | श्रीसरस्वती मा.बि. | ३, गैरिखेत | ६५०००० |
| ३ | श्रीसरस्वती मा.बि. | ४, नागडाँडा | ६५०००० |
| ४ | श्रीहिमालय मा.वि. | ६, टक्सार | ६५०००० |
| ५ | श्रीशारदा मा.वि. | ७, लुम्छाक | ६५०००० |
| ६ | श्रीकालिका मा.वि. | १३,झापाकोट | ६५०००० |
| ७ | श्रीचक्रकमला आ.वि. | १०,राङखोला | ६५०००० |
| | जम्मा | | ४५५०००० |

३३ **सामुदायिक सिकाई केन्द्रलाई अनुदानः**

वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.७.१३.११अनुसार शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको लागि एकमुष्ठ रु. २५००.०० अनुदान दिने र सामुदायिक सिकाई केन्द्रहरुको स्थानीय तहले नियमित निरीक्षण गरी वार्षिक साधारण सेवा, बजेट पेश, गत आ व को खर्च स्वीकार गरेको, लेखापरीक्षण प्रतिवेदन तथा शैक्षिक सूचना व्यवस्थापन प्रणाली(NFE EMIS) भरे नभरेको एकीन गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सरकार हस्तान्तरित चालु तर्फको गो भौ.नं. ११ र ७४ बाट ६ वटा सिकाई केन्द्रहरुलाई जम्मा रु. १५०००००.०० अनुदान दिएको छ। यसरी अनुदान प्रदान गर्दा कार्यान्वय पुस्तिकामा निर्धारण गरेको शर्त तथा मापदण्ड पुरा गरेको पाईएन जसले गर्दा अनुदानको दुरुपयोग हुन सक्ने हुँदा पालिकाले अनुदान प्रदान गर्दा निर्धारित शर्त तथा मापदण्ड पुरा गर्नुपर्दछ।

३४ **नमुना बिद्यालय अनुदान**

३४.१ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध श्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने ब्यबस्था छ। पालिकाले त्रिभुवन आदर्श माध्यमिक बिद्यालयलाई नमुना बिद्यालयको रुपमा रु. ३२ लाख थप निकासा प्रदान गरेको छ। सो रकम बिद्यालयले शिक्षक कर्मचारी प्रोत्साहन र शैशिक्षक सामग्री खरिदमा खर्च गरेको छ। शैक्षिक नतिजामा सो नमुना बिद्यालयको कक्षा १२ मा २२६ जना बिद्यार्थि मध्ये १०६ जना अर्थात ४७ प्रतिशत मात्र उत्रिर्ण भएको देखिन्छ। जबकी नमुना बिद्यालयको सुबिधा र लगानी नभएको रजस्थल माध्यमिक बिद्यालयको ७५ प्रतिशत, सरस्वती माध्यमिक बिद्यालयको ५८ प्रतिशत र मात्रिभूमी माध्यमिक बिद्यालयको ५५ प्रतिशत बिद्यार्थीले कक्षा १२ को परिक्षा उत्रिर्ण गरेको देखिन्छ।शैक्षिक गुणस्तरमा सुधार बेगर भएको थप लगानी र खर्चको बिषयमा छानबिन गरी कार्यक्रमको प्रभावकारीताको आधारमा मात्र थप निकासा प्रदान गर्नु पर्दछ।

३४.२ वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.७.१३.१३अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि कार्यसम्पादनमा आधारित अनुदान ३० देखि ६० लाख सम्म र नमुना विद्यालयमा सेवा अनुबन्धका आधारमा नियुक्ति हुने प्र.अ. र शिक्षकका लागि विद्यालयमार्फत अनुदान प्रति विद्यालय रु. २ लाख सम्म दिने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २४७।०८१।३।१५ बाट त्रिभुवन आदर्श मा वि लाई रु. ३२ लाख नमुना बिद्यालय अनुदानमा खर्च लेखेको छ। सो अनुदान रकमबाट गत वर्षको छात्रवृत्ति, पाठ्यपुस्तक तथा दिवाखाजा तर्फको बेरुजु रु. ६०८९५६ फछर्यौट गरी सो रकम घटाई रु. २५९१०४४।०० मात्र अनुदान निकासा दिईएको पाईयो। गत को बेरुजु असुल फछर्यौट गर्दा जुन कार्यक्रमको लागि भुक्तानी भएको छ सोहीबाट असुल गराउनुपर्दछ। अन्य प्रयोजनको अनुदानबाट बेरुजु कटाई निकासा दिँदा सम्बन्धित कार्यक्रमको रकम अन्यत्र खर्च हुने र जुन प्रयोजनको लागि अनुदान दिईएको हो सो को उद्देश्य पुरा नहुनसक्छ। अतः जुन कार्यक्रममा बेरुजु आएको हो सोहीबाट असुल फछर्यौट नभएकोले असुल फछर्यौट गरेको देखाएको रकम यथार्थमा असूल भएको हुदैन। तसर्थ नमुना बिद्यालयको रकमबाट बेरुजु

कट्टि भएको रकम सहित नमुना बिद्यालय कार्यक्रमको पुरै निकासा रु. ३२ लाख बिद्यालयले शैक्षिक तथा ब्यबस्थापकिय योजना कार्यान्वयनमा मितब्ययी र गुणस्तरिय तवरले खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०८,९५६ |

३५ **बिद्यालय निकासा**

पालिकाबाट प्राप्त बिबरण अनुसार ४८ बिद्यालयका ३६७ शिक्षक शिक्षिकाहरुको तलब भत्ता भुक्तानी गर्न रु. २३ करोड ०८ लाख ३८ हजार सम्बन्धित बिद्यालयमा निकासा भएको छ। पालिकाको शिक्षा शाखाबाट पेश भएको निकासा सम्बन्धित बिबरण अनुसार सबै तहका शिक्षकहरुको औषत बार्षिक तलब प्रति शिक्षक रु. ६ लाख २८ हजार ९८९ रहेको छ। शिक्षक बिद्यार्थि अनुपात र समान तहका शिक्षकहरुको प्रति शिक्षक निकासा समान भए नभएको यकिन गरी निकासा ब्यबस्थापन गर्नु पर्दछ। साथै सामुदायिक विद्यालयहरुले त्रैमासिक रुपमा तलब भत्ता माग गर्ने समयमा शिक्षकहरुको हाजिरी भएको,राजिनामा भएको लगायतका सम्बन्धित अन्य कागजात पेश गरे पश्चात मात्र निकास प्रदान गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ६८ वटा विद्यालयमा ३६७ जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति भएको र पदपूर्तिमध्ये ३८ जना करार / राहत शिक्षक रहेको देखिन्छ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ५५३४ जना रहेको देखिन्छ। पालिकाबाट प्राप्त बिबरण अनुसार १४०९ जना बिद्यार्थि भएको त्रिभुवन आदर्श माध्यमिक बिद्यालयमा २६ शिक्षक रहेकोले शिक्षक बिद्यार्थि अनुपात ५४ रहेको छ। तर ४८ जना मात्र बिद्यार्थी रहेको भारति माध्यमिक बिद्यालयमा ११ दरबन्दि र ६९ जना बिद्यार्थी रहेको रामकोष फुलबारी माध्यमिक बिद्यालयमा १३ जना शिक्षक दरबन्दी कायम गर्दा शिक्षक बिद्यार्थि अनुपात क्रमश ४ र ५ रहेको देखिन्छ। एक शिक्षक बराबर ५४ जना बिद्यार्थि अनुपात कायम हुदाँ शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी नहुने देखियो।तसर्थ शिक्षक बिद्यार्थी अनुपात समान बनाउन न्यून बिद्यार्थी र बढी शिक्षक भएका बिद्यालयहरुलाई बढि बिद्यार्थि र घटी शिक्षक भएका विद्यालयहरुमा शिक्षकको दरवन्दी मिलान एवं सम्भाव्यताको आधारमा बिद्यालयहरु समायोजन गर्नुपर्दछ ।

यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालय संख्या | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार/राहत | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ६८ | ३६७ | ३६७ | ३८ | ५५३४ | १५ |

३७ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुका लागि रु. १५।- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र तेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ६७ वटा विद्यालयहरुलाई रु. ९६ लाख ०६ हजार ४७६ दिवा खाजा वापतको रकम निकासा गरेको पालिकाले पेश गरेको बिबरणबाट देखिन्छ । विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विद्यालय ब्यबस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्दछ। विद्यालयले पेश गरेको विद्यार्थी उपस्थिति विवरणको

आधारमा निकासा गरेकोले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार निकासा तथा खर्च भएको देखिएन। कार्यान्वियन पुस्तिकाको प्रकृया पुरा गरी निकासा गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३८ सेनिटरी प्याड खरिदको निकासा

सेनेटरी प्याड (वितरण तथा व्यबस्थापन) कार्यविधि, २०७६को दफाँ ३(४) मा स्थानिय तहले आफ्नो क्षेत्र भित्रका सामुदायिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली(EIMS) को तथ्यांकसग भिडाई अनुसुची १ मा उल्लेखित कच्चा पदार्थको उपयोग, साईज, शोचन क्षमता तथा मानवीय प्रयोगको लागि सुरक्षित छ भनि उत्पादकले घोषणा गरेको हुनुपर्ने लगायतका न्यूनतम १२ मापदण्ड पुरा गरी प्रचलित कानुन बमोजिम खरिद गर्नुपर्ने ब्यबस्था छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५५४ जनालाई प्रति बिद्यार्थी २ प्याकेटको दरले १० महिनाको लागि स्यानिटरी प्याड खरिद गर्न रु. 17,09,400.०० विद्यालयमा नगद अनुदान निकासा पठाएको देखिन्छ।बिद्यालयले खरिद गरेको सेनिटरी प्याडको सोचन क्षमता, औषधीय मापदण्ड तथा उपयोग अवधिको सम्बन्धमा गुणस्तर परीक्षण समेत भएको छैन। यस कारण खरिद भएको प्याड तोकिएका बिद्यार्थीले प्रयोग गरी छात्राहरुको स्वस्थ्यमा सकरात्मक प्रभाव परेको छ भनि यकिन गर्न सकिने अवस्था छैन।

कार्यबिधिको दफा १६ मा सामुदायिक बिद्यालयमा सेनिटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, बितरण, सदुपयोग तथा किशोरी सचेतनाको लागि प्रधानाध्यपकको संयोजकत्वमा महिला शिक्षक एक जना र किशोरी छात्राहरुको प्रतिनिधी दुई जना समेत समावेश गरी बिद्यालयस्तरीय सेनिटरी प्याड बितरण तथा ब्यबस्थापन समिति गठन गरी सोहि समितिलाई दफा १७ बमोजिम बितरण गर्ने गरी हस्तान्तरण खरिद गर्नुपर्नेमा सो बिपरित बिद्यालयले खरिद गरेको छ। यसै गरी कार्यबिधिको दफा १८ बमोजिमको बिद्यालय हाता भित्र गुनासो पेटिकाको ब्यबस्था गरी सम्बोधन गर्ने ब्यबस्था नमिलाएकोले खर्च रकम कार्यबिधि बिपरित देखियो। तसर्थ बिद्यालयले खरिद गरेको सेनिटरी प्याडको प्रयोगबाट किशोरावस्थाका छात्राहरुको स्वास्थ्य सुधार गरी सोहि कारणबाट बिद्यालय छाड्ने समस्या समाधान गर्न, गुणस्तरिय शिक्षाको प्रत्याभुति गर्न र महिनावारी व्यवस्थापन सामग्रीको दिगो बिसर्जन गर्न सहयोग पुगेको छ भनि सुनिश्चित गर्न सकिएन।

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ६ तथा वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.२३अनुसार वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउन तथा खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गर्नुपर्ने तथा कार्यविधि अनुसार स्थानीय तहले IEMIS को तथ्याङ्कसँग सत्यापन गरी सेनिटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा विद्यालयको खातामा निकासा गर्नसक्ने यस कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण विद्यालयले सम्बन्धित स्थानीय तहमा पठाउनपर्ने व्यवस्था छ। पालिकाले विविन्न २३ वटा विद्यालयहरुलाई नगदै रकम निकासा गरेको छ। विद्यालयहरुले कार्यविधिले तोके अनुसार खरिद तथा वितरणको प्रतिवेदन तयार गरी पालिकामा पेश गरेको समेत पाईएन। कार्यविधि तथा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार खरिद तथा बितरण गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३९ पाठ्यपुस्तक र छात्रावृत्ति अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१को क्रियाकलाप नम्बर बमोजमिको EMISमा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र पाठ्यपुस्तक र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु. ४ लाख २७ हजार छात्रबृत्ति र रु. २० लाख ८७ हजार १९३ निशुल्क पाठ्यपुस्तकको रकम निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.४.६.१ अनुसार सार्वजनिक विद्यालयका कक्षा ११-१२ का विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान आर्थिक वर्षको प्रथम त्रैमासिकभित्र विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाईमात्र अनुदान दिने व्यवस्था छ। पालिकाले कक्षा ११-१२ का विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान आर्थिक वर्षको तेस्रो त्रैमासिकमा गो.भौ.नं. ७०।०८०।१०।२६ बाट ११ वटा विद्यालयलाई रु.

२४८४७३।०० अनुदान दिएको छ। यसरी तोकिएको समयमा अनुदान नदिदा विद्यार्थीहरुको पठनपाठनमा असर पर्ने भएकोले पालिकाले तोकिएको समयमा नै अनुदान प्रदान गर्नुपर्छ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४० अन्य निकासा

पालिकाले बिद्यालय सञ्चालन तथा ब्यबस्थापन अनुदान रु ९ लाख ४५ हजार, बिद्यालय सुधार योजना निर्माण रु. ७ लाख ७५ हजार, लेखापरीक्षण अनुदान रु. ५ लाख ४५ हजार, बिद्यालय ईन्टरनेट ब्यबस्थापन अनुदान रु. ५ लाख ५२ हजार समेत रु. २८ लाख १७ हजार निकासा दिएकोमा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम भए नभएको अनुगमन गरी सुनिश्चित गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४१ उत्पादित वस्तु लिलाम बिक्रिः

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ३९(५) बमोजिम तालिम बाट उत्पादित सामान स्टोर दाखिला हुन आएको अवस्थामा तत्काल लिलाम विक्रि गरी गरी प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नपर्ने र त्यसरी लिलाम विक्रि नभई सडी गली जाने भएमा कार्यालयले कानून बमोजिम धुल्याउनुपर्ने व्यवस्था छ। पालिकाले सीप विकास तालिम अन्तर्गत १२ जना सहभागी भई मकैको खोस्टाको झोला र टोपी ११/११ थान उत्पादन गरी सो वापतको रकम गो.भौ.नं. २७३ बाट रु. १९८८३१।०० र गाउँपालिका चालुबाट रु. ४५६३०।०० ओम राजश्री मल्टि एग्रो प्रा.लि.लाई भुक्तानी गरेको पाईयो। उत्पादित सामान पालिका स्टोर दाखिला भएको तर हालसम्म पनि लिलाम विक्रि नभएकोले सो सामान विक्रि गरी प्राप्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

## ४२ सार्बजनिक जग्गाको संरक्षण

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्र भित्रको सार्बजनिक संपत्तिको रेखदेख र संरक्षण गर्नु पर्ने ब्यबस्था छ। पालाकाको क्षेत्रभित्र साविक सातुपसल गाउ बिकास समिति सिट नम्बर भएको ६५५ रोपनी ३ आना २ पैसा सार्बजनिक जग्गाहरु अतिक्रमण भएको देखियो। राजमार्ग तथा आधिखोला किनारको आसपासका अतिक्रमित सार्बजनिक जग्गाहरुको समेत छानबिन गरी सरकारको स्वामित्व र उपभोगमा ल्याउनु पर्दछ।

| क्र.सं. | सातुपसल गा.बि.स वार्ड नं | कि.नं. | क्षेत्रफल | सरकारी/सार्बजनिक | अवस्था |
|---|---|---|---|---|---|
| १ | १ | ७४४ | ११०-८-२-२ | सार्बजनिक | दरुंग खोला |
| २ | २ | ४१४ | ६२-१-३-२ | " | बगर |
| ३ | २ | १०७९ | ३८-०१-१-२ | " | दरुंग खोला |
| ४ | ३ | १६५ | १८-१२-०-० | " | खोला |
| ५ | ४ | १९१२ | ४६-०६-०-१ | " | खोला |
| ६ | ४ | १०३३ | १-६-३-१ | " | गौचरन |
| ७ | ५ | २९ | ९४-१२-२-१ | " | गौचरन |
| ८ | ५ | १७८० | ३८-११-०-२ | " | प्रति |
| ९ | ५ | १३५४ | ५२-३-३-१ | " | प्रति जग्गा |
| १० | ६ | ३६ | १११-१४-१-१ | " | खोल्सी |
| ११ | ७ | ११४१ | १९-१-२-२ | " | ढुंग्याँन |
| १२ | ८ | १९४१ | | ब्यक्ति को नाममा रहेको | |
| १३ | ८ | १९१४ | १०-८-१-१ | " | प्रति गौचरन |
| १४ | ९ | २६५ | ५०-१०-३-३ | " | खोला ब्यक्तिहरुले भोग गरिरहेको |

४३ **आर्थिक सहायता -**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन ।पालिकाले यो वर्ष संघसंस्था र व्यक्तिहरुलाई पालिका र वडाले समेत गरी निम्नानुसारका खर्च शिर्षक बनाई पालिका प्रमुख तथा वडा अध्यक्षको तोक आदेशमा आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । ऐनमा व्यवस्था नभएकोले आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | अन्य सामाजिक सहायता | २७६००० |
| २ | स्याङ्गजा प्रज्ञा प्रतिष्ठान | ४१५००० |
| ३ | संघ संस्था अनुदान | ३३३००० |
| ४ | अन्य सस्था सहायता | २३७००० |
| ५ | औषधी उपचार खर्च | ३८०००० |
| ६ | विपन्न स्वास्थ्य उपचार कार्यक्रम | १६६००० |
| | जम्मा | १८०७००० |

४४ **सहकारी अनुगमनः**

४४.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) तथासहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक

प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४४.२ भौचर नम्बर ८२२, पालिकाले सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास तथा प्रबर्द्धन गर्न सहकारी संघ संस्था अनुगममन, मुल्याङ्कन तथा नियमन कार्यविधि, २०८० जारी गरेको छ । जसअनुसार प्र.प्र.अ.को संयोजकत्वमा ३ सदस्यीय अनुगमन समिति रहने, उक्त समितिले निरीक्षण तथा सुपरिवेक्षणका आधारमा अनुगमन गर्नुपर्ने देखिएमा बजेटको अधिनमा रही सामान्य तथा सघन स्थलगत अनुगमन गरिने, अनुगमन गर्दा सहकारी संस्थालाई खटाउने निकायको अधिकारीक पत्र दिई जानकारी गराई माग गरे बमोजिमको विवरण प्राप्त गरी नगर प्रमुख समक्ष पेश गर्ने जस्ता व्यवस्था गरेको छ। प्रमुख प्रशासकिय अधिकृत श्री हरिराम नागिलाले मिति ०८०।११।१७ च.नं.१७८५ को पत्रमार्फत प्रशासन आठौ श्री धन प्रसाद कोईरालालाई सहकारी दिवसका अवसरमा सहकारी संस्था पुरस्कृत गर्ने उद्वेश्यले १० वटा सहकारी अनुगमन गर्न खटाएकोमा गठित अनुगमन समितिका सदस्य श्री धन प्रसाद कोइरालाले ५६ पटक अनुगमन गरेको बिल भर्पाइ पेश गरेको पाइयो । तर कार्यबिधिमा समितिका सदस्यले मात्र अनुगमन गर्न सकिने, समिति संयोजकले सदस्यलाई खटाइने, सहकारीबाट प्राप्त उजुरी गुनासोका आधारमा नभई सहकारी दिवसको लागि अनुगमन गरिने व्यवस्था रहेको देखिएन ।यसरी कार्यबिधि विपरीत अनुगमन गरेको बिल भर्पाइ पेश गरेको ५६ दिन मध्ये आर्थिक प्रशासन शाखाले २२ दिन काज तथा बिदाका दिन परेको कट्टि गरी बाँकि ३४ पटकको अनुगमनको भुक्तानी गरेको छ। कार्यालयले पेश गरेको श्रेस्ता अनुसार अनुगमन गर्दा समितिका ३ पदाधिकारी मध्ये एक मात्र सदस्य श्री धन प्रसाद कोईरालाले अनुगमन गर्नु भई रु. ५३७१९।०० भुक्तानी भएको छ। भुक्तानी रकम मध्ये निजको गत बिगतको बेरुजु रु. ४१०४०।०० कट्टि भएको छ। तिन सदस्य मध्ये एकजनाले मात्र सहकारी अनुगमन गरेको देखाई बेरुजु रकम दाखिला गर्ने ब्यबस्थापन मात्र मिलाएको देखिन्छ। निजले तयार गरेको अनुगमन प्रतिबेदनमा सहकारी संस्थाहरुको सदस्यको जमानीमा रहेको लगानी, ब्यापारीक लगानी, घर जग्गा खरिद लगानी, बचत रकम, बचतकर्ताको रकम फिर्ता र दुरुपयोगको अवस्था, वासालतको साहु र आसामी हिसाब आदिका बारेमा कुनै तथ्य सत्य अवस्था खुलाएको छैन। यसबाट त्यो अनुगमन उपलब्धिमूलक र बचतकर्ताको हितमा नभई बेरुजु फर्छयौट गर्ने रकम ब्यबस्थापन कार्यको लागि भएको देखियो। यस किसिमको खर्च भुक्तानी गर्ने लेखाउत्तरदायी अधिकृतबाट बित्तिय अनुशासन समेत पालना हुन सक्ने अवस्था देखिएन। अत: अनुत्पादक अनुगमन मूल्यांकन खर्च नियन्त्रण गर्नुपर्दछ।

४५ **सामग्री बितरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडालाई छुटयाएको खर्च शिर्षक विपद व्यवस्थापन, राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट पाईप रु. ३६००००।००, जस्तापाता खरिदमा रु. ४७३२९ र भाडाकुडा खरिदमा रु. १९२०००।०० खरिद गरी वितरण गरेको पाइयो। साथै उक्त सामग्री सम्बन्धित लाभग्राहीले बुझेको भरपाई कार्यालयले संलग्न गरेको भए पनि लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने अभिलेख पेश भएको देखिएन।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च व्यक्तिगत रुपमा बितरण गर्नु भन्दा योजना बनाई खर्च गर्नु पर्ने देखिन्छ देखिन्छ।

४६ **फोहोर व्यवस्थापनः**

पालिकाले सरसफाई केन्द्र व्यवस्थापन निर्देशिका २०७७ जारी गरी उक्त निर्देशिका अनुसार १८ जना कर्मचारी र आवश्यक मेसिन उपकरण यन्त्र परिचालन गरी तोकिएको दरमा फोहोर संकलन र विसर्जन कार्य गरेको देखिन्छ। फोहोर संकलन दस्तुरबाट र फोहोर बिक्री बाट प्राप्त आय र फोहोर संकलन र विसर्जनमा हुने खर्च देहाय अनुसार रहेका छन् ।

तालिकामा प्रस्तुत आय व्यय अनुसार आय भन्दा व्यय रु. २८ लाख ६६ हजारले बढि देखि पालिकालाई बढि व्ययभार परेको देखिन्छ। यसलाई न्यूनिकरण गर्नका लागि पालिकाले फोहोर व्यवस्थापनमा आय र व्ययको विश्लेषण गरी सन्तुलन कायम गर्नुपर्ने देखिन्छ।

| सरसफाई शुल्कबाट प्राप्त आय | फोहोर विक्रीबाट प्राप्त आय | टोल विकासलाई फिर्ता | व्यवस्थापकीय खर्च | फरक |
|---|---|---|---|---|
| १२३३१७० | १८९७३० | २८९४७६ | ४०००००० | २८६६५७५ |

४७ **स्थानीय खेलकुदः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्रसार्वजनिक रकम खर्च गर्नु पर्दछ। पालिकामा यस वर्ष निम्नानुसारको रकम खेलकुदमा पालिका आफै र वडाबाट समेत गरी रु. २७ लाख २६ हजार खर्च गरेको देखिन्छ। संलग्न खर्च बिबरण र बिल भरपाई परीक्षण गर्दा पालिका र क्लवले व्यहोर्ने रकम सुनिश्चित नभएको, सम्झौता अनुसारको बिल भर्पाइ पेश नभएको, भुक्तनीमा कर कट्टि नभएको, अधिकांश बिल खाना खाजाको भएको, भ्याट लाग्ने वस्तु नलाग्ने गरी टुक्रा पारी खरिद गरेको आदि त्रुटि देखियो। अतः यस किसिमको खर्चलाई व्यवस्थित गर्न खेलकुद कार्यक्रम कार्यबिधि बनाई सोहि अनुसार खर्च गर्नुपर्ने देखिन्छ।

| **क्र.सं.** | **भुक्तानि विवरण** | **रकम** |
|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता | ३५०००० |
| २ | मेयर कप खेलकुद प्रतियोगिता | ६००००० |
| ३ | मेयर संग खेलकुद प्रर्वर्धन | ३३५००० |
| ४ | वडा खेलकुद कार्यक्रम | १४४१००० |
| | **जम्मा** | **२७२६०००** |

४८ **पदाधिकारी सुविधा**

४८.१ पालिकाको पदाधिकारीहरुले लिनु भएको भत्ता तथा सुविधा निम्नानुसार रहेको छ।सो बाहेकका योजना अनुगमन भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण खर्च लगायतका खर्चहरुमा नियन्त्रण गरी नागरीकहरुको प्राथमिकताका क्षेत्रमा खर्च गर्नु पर्दछ। पदाधिकारी सुविधा खर्चमा देखिएका थप ब्योहराहरु निम्न छन्।

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १४ जना | का.पा. सदस्य ७ जना | सभा सदस्य ४९ जना | जम्मा ७२ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक/अनुगमन भत्ता | 138000 | 150000 | 1008000 | 504000 | 1764000 | 3564000 |
| २ | यातायात खर्च | - | - | 252000 | 126000 | 882000 | 1260000 |
| ३ | टेलिफोन मोबाइल | 60000 | 48000 | 672000 | 252000 | 1167000 | 2208000 |
| ४ | पुस्तकपत्रीका ईन्टरनेट | 60000 | 48000 | 672000 | 294000 | 1176000 | 2250000 |
| ५ | समन्वय तथा सहजीकरण/ खाजा खर्च | 84000 | 72000 | 756000 | 336000 | 1176000 | 2424000 |
| ६ | अतिथि सत्कार | 144000 | 102000 | 1008000 | 336000 | 1764000 | 3354000 |
| ७ | चाडपर्व खर्च | 30000 | 30000 | 350000 | 140000 | 882000 | 1432000 |
| | जम्मा | | | | | | 16500000 |

४८.२ (undefined/):
( प्रतिकृयाबाट सम्परीक्षण गरी थप व्यहोरा कायम गरिएको)

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६२३,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९ **स्रोत फरक पारेको-**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम प्रदेश तथा स्थानिय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र ब्ययको अनुमान पेश गर्नु पर्ने ब्यबस्था छ। सोहि ऐनको दफा २८ मा अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोहि प्रयोजनका लागि प्रयोग गर्नु पर्ने बाध्यात्मक ब्यबस्था गरेको छ।

अर्थ मन्त्रालयको चलानी नम्बर १२१।२०७८।३।२७ मा वित्तिय समानीकरण अनुदानको प्रयोग सम्बन्धी परिपत्र गरेको छ।सो परिपत्रले नेपाल सरकारबाट स्थानिय तहलाई उपलब्ध हुने वित्तिय समानिकरण अनुदानको रकमलाई प्रशासनिक खर्च गर्न नमिल्ने हुदाँ स्थानिय सरकारले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र ब्यहोर्नु पर्ने उल्लेख गरेको छ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन सम्बन्धी व्यवस्था छ । जसअनुसार बिद्यालय लेखा कर्मचारीको तलव रु. १३,५००.००, बाल बिकाससहजकर्ताको रु. १०,०००.०० तथा बिद्यालय कर्मचारीको रु. ८,०००.०० तोकेको छ। सो रकम श्रम ऐन, २०७४ को दफा १०६ बमोजिमको न्यूनतम पारिश्रमिक भन्दा घटी रहेकोले नपुग रकम पालिकाको आन्तरीक आयबाट बहन गर्नु पर्नेमा भौचर नम्बर ३४।२०८०।०९।२० बाट रु ३८ लाख ६८ हजार र भौचर नम्बर २१९।२०८०।०९।२० बाट रु. १३ लाख ९९ हजार समेत रु ५२ लाख ६७ हजार सङ्घीय समानिकरण अनुदानबाट वितरण गरेको देखियो । प्रचलित कानुन तथा अर्थ मन्त्रालयको मार्गदर्शन बमोजिम मात्र समानिकरण अनुदान रकम खर्च गर्नु पर्दछ।

५० **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम:**

मृगौला रोग, क्यान्सर रोग, पक्षघात लगायतका जटिल रोगका बिरामीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधि, २०७८ दफा २(ख) बमोजिमको लक्षित समुह तथा दफा २(ग) बमोजिमको लाभग्राहि भएको पुष्टि हुने गरिब परिचयपत्र नपाएका ब्यक्तिहरुलाई कार्यबिधिमा उल्लेखित परिचयपत्र बेगर रु. ५७ लाख १५ हजार नगद सहायता प्रदान गरेको देखियो । कार्यबिधिले तोकेको मापदण्ड पुरा गरेर मात्र यस किसिमको सहायता बितरण गर्नु पर्दछ।

५१ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२ **वडागत राजश्व र सेवा प्रबाह**

५२.१ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको नगदी सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने ब्यबस्था छ। जिम्मामा आएको अवधिबाट १० दिन भन्दा बढि ढिला गरेमा १० प्रतिशत

जरिवाना गरी कसूरको मात्रा अनुसार बिभागिय कारबाहि समेत गर्न सकिने ब्यबस्था छ। पालिकाको बडा कार्यालयहरुबाट निम्नानुसार राजश्व दाखिला गरेको देखिन्छ। राजश्व रकम सोहि दिन वा भोलिपल्ट दाखिला नगरी केहि दिन ढिला गरी महिनाको दुई तिन पटक गरेर एकमुष्ठ दाखिला गर्ने गरेको देखियो। ऐनले तोकेको समय भित्र संकलित राजश्व दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ।

| वडा नं. | राजश्व रकम |
|---|---|
| १ | ३२७१३७९ |
| २ | ८२६०७९ |
| ३ | २१२४३३४ |
| ४ | १०८७१९८ |
| ५ | ८३५४३४ |
| ६ | ८८०२२० |
| ७ | ८४६७२० |
| ८ | ६९०७२९ |
| ९ | ९३१६६९ |
| १० | १२४३५६४ |
| ११ | ८९५६८२ |
| १२ | ५७२२४५ |
| १३ | २०६६३०७ |
| १४ | १६२२११० |
| जम्मा | १७८९३६७० |

५२.२ पालिकाको वडा नम्बर १ ले बार्षिक रु. ३२ लाख ७१ हजार ३७९ राजश्व संकलन गरेकोमा वडा नम्बर १२ बाट रु. ५ लाख ७२ हजार २४५ मात्र राजश्व संकलन भएको छ। पालिकाबाट प्राप्त बिबरण अनुसार यस बर्ष प्रदान गरिएको सेवा निम्नानुसार रहेको छ। प्रदान गरिएको सेवा र संकलन भएको राजश्व भिडान हुने गरी अभिलेख राख्नु पर्दछ।

| क्र.सं. | विवरण | संखया |
|---|---|---|
| 1 | नागरीकता सिफारिश | २३०६ |
| 2 | घरबाटो | ७१० |
| 3 | नाता प्रमाणित | २०३४ |
| 4 | जन्मदर्ता | १३७५ |
| 5 | विवाह दर्ता | ५५८ |
| 6 | मृत्युदर्ता | ४६३ |
| 7 | सम्बन्ध बिच्छेद | १२३ |
| 8 | निर्माण सम्पन्न प्रमाणपत्र | १२९ |

## ५३ आन्तरिकआय ठेक्कातर्फ मात्र

५३.१

| सि.नं. | शीर्षक | ठेक्का कबोलकर्ता | बार्षिक उत्खनन् गर्न सकिने (घ.मि.) | लागत अनुमान | कबोल रकम | दाखिला रकम |
|---|---|---|---|---|---|---|
| १ | आँधिखोला नाका (क), सेतिदोभान र दुईघरे ठुलेरह पक्की पुल देखि माथीको भाग | गौरब बिल्डर्स | ४६४८ | १६६७९५६ | १३६३००० | १३६३००० |
| २ | आँधिखोला नाका (ग), नयाँ झोलुङ्गेपुल देखि तल लाम्पाटा आधिखोला रिङदिपुछर र गैरी जाँगर सम्म | रारा निर्माण सेवा | ११५०० | ४१२७००५ | ४१३००३७ | ४१३००३७ |
| ३ | आँधिखोला नाका (घ), बर्लाङ बेलबास र हेलु आधि दरौ दोभान | अगेर भगेर निर्माण सेवा | ७९६९ | २८५९७४५ | २२८८३०० | २२८८३०० |
| ४ | आँधिखोला नाका (ख), आधिखोला छिडिरहबाट खल्लुबोट झोलुङ्गेपुलसम्म | अमानत | १०७९३ | ३६२१८९५ | ० | २५४९५८८ |

आन्तरीक आय ठेक्का सम्बन्धमा देखिएका ब्यहोराहरु निम्न छन्।

५३.२ गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्ताबलाई कार्यान्वियन गर्न बनेको ऐन, २०८० को अनुसुची ७ दफाँ ८(१) बमोजिम ढुंगा गिट्टि बालुवाको प्रति घनफिट मूल्य अभिबृद्धि कर समेत रु. १०.१७ को दरले लागत अनुमान तयार गर्नुपर्ने ब्यबस्था छ। आधिखोला नाका (कर घ) को कुल १२६१६.५० घनमिटरको ठेक्का प्रदेश सरकारले तोके बमोजिम रु. ४५ लाख २७ हजार ७०१ न्यूनतम लागत अनुमान कायम गर्नुपर्नेमा सो दरमा ठेक्का प्रस्ताब पेश नभएको जनाई २० प्रतिशतले घटाई लागत अनुमान तयार गरेको कारण रु. ३६ लाख ५१ हजार ३०० मा सम्झौता भएको छ। यसबाट गण्डकी प्रदेशले तोकेको न्यूनतम दर भन्दा रु. ८ लाख ७६ हजार ४०१ घटि राजश्व असूल भएको छ।

५३.३ आँधिखोला नाका (ख), आधिखोला छिडिरहबाट खल्लुबोट झोलुङ्गेपुलसम्मको आय ठेक्कामा प्रस्ताब पेश नभएको जनाई गण्डकी प्रदेश सरकारले तोकेको प्रति घनमिटर मूल्य अभिबृद्धिकर समेत रु. १०.१७ को दरले अमानत मार्फत बिक्रि गरी राजश्व संकलन गर्न कर्मचारीद्धय श्री सुजनरानाभाट र भूपेन्द्र थापालाई खटाउने निर्णय भएको देखियो। राजश्व परामर्श समितिको २०८०।८१ को निर्णय नम्बर १ मा यस घाटबाट बार्षिक 10792.50 घनमिटर उत्खनन् गर्न सकिने उल्लेख भएकोले सो वापत रु न्यूनतम रु ३६ लाख २१ हजार ८९५ राजश्व संकलन हुनुपर्ने देखिन्छ। तर खटिएका कर्मचारीहरुबाट रु. २५ लाख ४९ हजार ५८८ मात्र पालिका सञ्चित कोषमा रकम दाखिला भएकोले रु. १० लाख ७२ हजार ३०७ घटि दाखिला भएको देखियो। जिम्मेवार कर्मचारीले दैनिक उत्खनन् परिमाण, खरिदकर्ताको नाम, दैनिक राजश्व आम्दानी हिसाब तयार गरी दैनिक रुपमा पालिकाको आन्तरीक राजश्व संकलन शाखाबाट हिसाब प्रमाणित गरी राजश्व संकलनलाई पारदर्शि बनाउनु पर्दछ।

## ५४ जेसिबि सञ्चालन आय

जिल्ला दररेट अनुसार जेसिबि प्रयोग गरेवापत ईन्धन बाहेक प्रति प्रति घण्टा रु. १३२६।०० को दरले राजश्व असूल गर्नु पर्ने देखिन्छ। पालिकाले पेश गरेको सञ्चालन लगबुक अनुसार २०८०।४।५ मा ६३६८ मिटरबाट शुरु भई आर्थिक बर्षको अन्तमा ७२४७ मिटरसम्म सञ्चालन भएको जनाएको छ। सो बमोजिम यस आर्थिक बर्षमा ८७९ घण्टा सञ्चालन भएको देखियो। सञ्चालन अवधिको प्रमुख प्रशासकिय अधिकृतले यकिन गरी प्रमाणित समेत गरेको छैन। अप्रमाणित सञ्चालन अवधिलाईनै बधार मान्दा पनि जिल्ला दररेट अनुसार रु. ११ लाख ६६ हजार राजश्व असूल हुने देखिन्छ। जेसिबि सञ्चालनमा प्रति प्रति घण्टा ८ लिटर डिजल खपत हुने भई ८७९ घण्टाको ७०३२ लिटरको प्रतिलिटर रु १६५ को दरले रु. ११ लाख ६० हजार जईन्धन खर्च भएको छ। तसर्थ नियमानुसार लिनुपर्ने राजश्व नलिने गरी सञ्चालन सिफारीश गर्दा पालिकालाई प्रप्त हुन पर्ने सञ्चालन आय रु. २३ लाख २६ हजार ४८० प्राप्त हुन नसकी नोक्सानी भएको देखियो।

५५ **सटर भाडा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **भ्रमण तथा अनुगमन**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी खर्चमा भ्रमण गर्दा किफायती र कम खर्चीलो बाटो वा सवारी साधन प्रयोग गर्नुपर्ने, कार्यालयलये दुरीको विवरण राखी कामको प्रकृती अनुसार भ्रमण आदेश दिने, दैनिक भत्ता तथा भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उद्देश्य स्पष्ट हुनु पर्ने, भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलब्धी सहितको प्रतिवेदन पेश गर्नु पर्ने ब्यबस्था छ ।पालिकाले संघिय सरकार राजश्व बाँडफाडबाट प्राप्त रकमबाट अनुगमन मूल्यांकनमा रु. ४ लाख ४६ हजार तथा आन्तरिक श्रोतबाट भ्रमण तथा अनुगमन वापत रु. १३ लाख ४३ हजार १०९ खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।साथै पालिकाले दुरीको अभिलेख नराखेको, अधिकांश भ्रमण पोखरा र पालिकाभित्र रहेकोमा त्यँहा सार्वजनिक यातायातको सुविधा भई एकै दिनमा फर्किने अवस्था रहे पनि एक दिनको भन्दा बढिको तथा टयाक्सी पनि प्रयोग गरीएको भ्रमण भत्ता भुक्तानी गरेको र भ्रमण पश्चात प्रतिवेदन समेत पेश गर्ने गरेको पाइएन । अतः कार्यालय प्रमुखले भ्रमण आदेश दिदा नियमावली बमोजिम कार्यको आधारमा भ्रमण आदेश दिई भ्रमण कार्यलाई कम खर्चिलो र किफायती बनाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। साथै पालिकाभित्र कामकाजमा खटिदा पनि भ्रमण भत्ता उपलब्ध गराएको उचित देखिएन । अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।

५७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(९) मा स्विकृत बजेटको बिबिध रकमबाट खर्च गर्ने गरी निर्धारित भएको काममा बाहेक स्विकृत बार्षिक कार्यक्रममा नपरेको अन्य आवश्यक कार्य तथा अतिथि सत्कारमा एक पटकमा ५ हजार रुपैया सम्म कार्यालय प्रमुखको स्विकृति लिई खर्च गर्न सकिने ब्यबस्था छ। पालिकाले बिबध खर्चमा रू. ३५ लाख ४८ हजार खर्च गरेको छ । यस पालिकाले यो वर्ष विविध खर्च शिर्षकबाट खाना तथा खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका बिल प्रमाण हेर्दा कतिपय खर्चको प्रयोजन खुल्दैन । पालिकाले वडा बैठक नगरसभा, कार्यपालिकाको बैठक विषयगत समिति र विषयगत शाखाहरुको बैठक बार्षिक समिक्षा र अन्तरक्रिया लगायतको खाना तथा खाजामा खर्च भएको जनाएको छ।

आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम १२२(क) मा रित पुर्याई खर्च गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने ब्यबस्था रहेकोले पालिकाले निम्न भौचर नम्बर र मितिबाट बिबिध खर्च भुक्तानी गरेकोमा एक पटकमा रु. ५ हजार भन्दा बढि देखिएको तथा पालिकाको सेवा प्रबाहसग सम्बन्धित नभई अन्यत्र प्रकृतिको खर्च देखिएकोले सो रकम खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ।

| क्र.सं. | भौचर नम्बर र मिति | भुक्तानी लिनेको नाम | खर्च रकम रकम |
|---|---|---|---|
| १ | ८६।२०८०।०७।१९ | होटल मर्करी प्रा ली | ३३०५२ |
| २ | २०७।२०८०।०९।१३ | होटल मर्करी प्रा ली | २६२०२ |
| ३ | ११८।२०८०।०७।२३ | मल्ल खाजा घर | ५३५९५ |
| | जम्मा | | ११२८४९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,८४९ |

५८ **सवारी ईन्धन तथा मर्मत खर्चः**

५८.१

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने जस्ता व्यवस्था गरेको छ । सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। त्यस्तै पदाधिकारी सुविधा ऐन को दफा ४ बमोजिम पालिका प्रमुखलाई यातायात उपलब्ध गराएमा डिजेल मासिक ९० लि र मोबिल त्रैमासिक ५ लिटर पाउने व्यवस्था छ।पालिकाले ईन्धन खर्चमा पालिका चालु शिर्षकबाट ईन्धन कार्यालय प्रयोजनरु १५ लाख, ईन्धन पदाधिकारी रु. ४ लाख ४४ हजार ८३६ समेत ईन्धनमा कुल रु. १९ लाख ४४ हजार ८३६ खर्च लेखेको छ।यसै गरी सवारी साधन मर्मतमा रु. २४ लाख ७५ हजार ३२८ खर्च लेखेको छ।तोकिएको मापदण्डको आधारमा पालिकामा सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्चको हिसाब तयार गरी पेश गर्नुपर्दछ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मत संभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसँग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था छ । ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत नगरी सवारी साधन मर्मतमा खर्च भएको देखिन्छ। पालिकाले लागत अनुमान स्वीकृत गराएर मात्र मर्मत खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।मापदण्ड पालन नभएको र स्विकृत नर्मसको आधारमा लागत अनुमान तयार नगरी भएको खर्च सहि र यथार्थ देखिएन।

५८.२ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१८९,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५९ मसलन्द तथा कार्यालय सामान खरिद

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने ब्यवस्थाछ। तर पालिकामा यस आ.व.मा वार्षिक आवश्यक सामानहरुको यकिन र लागत अनुमान तयार नगरी संघिय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रकमबाट मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३४ लाख ९९ हजार ५४४ एवं उत्पादन सामग्री तथा सेवामा रु. १२ लाख प्रतिस्पर्धा नगरी टुक्रा बिल बिजकको आधारमा पटक पटक खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवर्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ । तसर्थ बिगतको सामान खपतको प्रवृति विश्लेषण, माग संकलन गरी बार्षिक खरिद आवश्यकता पहिचान सहित प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ।

साथै सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्बजनिक निकायले एक लाख भन्दा बढिको सामान खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने र तयार गरिएको लागत अनुमान अद्यावधिक गरी राख्नु पर्ने ब्यबस्था छ।सार्बजनिक खरिद नियमावली, २०६३ को नियम ५क बमोजिम मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, बिशेष आवस्यकता वा अन्य बिबरण तयार गरी गराई नियम १४ बमोजिम स्विकृत गराउनु पर्ने ब्यबस्था छ। सोहि नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रहि सम्बन्धित सार्बजनिक निकाय वा त्यस्तो सार्बजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनु पर्ने व्यबस्था भएकोमा सो कानुनी ब्यबस्थाको पालना गरी लागत अनुमान तयार गरेको समेत देखिएन।

## ६० कार्य सञ्चालन तथा अन्य कोष

६०.१ पालिकामा निम्नानुसार कार्यसञ्चालन कोषहरु रहेका छन। स्वकृत कानुनी ब्यबस्था बमोजिम मात्र कार्य सञ्चालन कोषको आम्दानी र खर्चको ब्यबस्थापन गर्नु पर्दछ।

| कोषको नाम | सुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याण कोष | २८६९८८९ | ० | २८६९८८९ | २८२३०५८ | ४६८३२ |
| प्रकोप व्यवस्थापन कोष | ३८८४१२६ | १२५०००० | ५१३४१२६ | ३१७७१२१ | १९५७००५ |
| विविध कोष | ६८३६०६० | ३३७४८७६१ | ४०५८४८२१ | ३८०२१२११ | २५६३६०९ |
| लैगिक हिंसा निवारण कोष | १००००० | २००००० | ३००००० | ० | ३००००० |
| बाल कल्याण कोष | ० | १००००० | १००००० | ० | १००००० |
| जम्मा | १३६९००७५ | ३५२९८७६१ | ४८९८८८३६ | ४४०२१३९० | ४९६७४४६ |

६०.२ वडा बिकास कार्यक्रम सञ्चालन कार्यबिधि , २०७५ को दफा ३४ बमोजिम घुम्ति कोष मार्फत पालिकाले १४ वटा वडाको १३० टोल बिकास संस्थाका ९०१ सदस्यहरुलाई रु. ४ करोड ९१ लाख ३६ हजार लगानी गरेकोमा रु. २ करोड ८६ लाख ६५ हजार ५०७ फिर्ता प्राप्त भएको छ। समुहको लगानीमा रहको रु. २ करोड २३ लाख ९४ हजार ६७८ कार्यबिधि बमोजिम साँवा ब्याज सहित समयमै फिर्ता प्राप्त गर्नु पर्दछ। साथै लगानी रकमबाट टोल बिकास समुहका सदस्यहरुको आय आर्जन र जिविको पार्जनमा भएको सुधारको प्रभाव अध्ययन गरीनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६०.३ **मर्मत संभारकोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष मर्मत संभार कोष खर्च खाता तर्फबाट स्विकृत कार्यक्रम बेगर कार्यपालिकाको पटके निर्णयको आधारमा नाली सरसफाई, कच्चीसडक सरसफाई आदिमा रु. ७१ लाख १४ हजार ५५६ खर्च गरेको छ।यसरी योजनाको मर्मत सम्भारमा खर्च गर्दा मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको समेत देखिएन। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र कार्यबिधिमा आधारीत बनाउनुपर्दछ।

६०.४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा५मासार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिमको लागतअनुमान तयारगर्नुपर्ने व्यवस्थाछ।साथै नियमावलीको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माणकार्य वा सेवा खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिम स्पेशिफिकेशन , योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्ने व्यवस्था गरेकोछ। पालिकाले सडकबोर्ड अन्तरगत बाँडखोला नयाँबजार लत्रेपिपल सडक मर्मत योजनाको रु. ९२ लाख ७९ हजार २१६ राहुल लाखे जेभिलाई भुक्तानी गरी खर्च गरेको छ।

मर्मत योजनाको लागतअनुमानमा मर्मत गर्नुपर्ने स्थान नखुलाई कुल चेनेज उल्लेख गरेको तथा कामको परिमाण गणनाको लागि-At the required line उल्लेखगरी काम भए अनुसारको चेनेजहरु नापि किताबमा समावेश गरेर परिमाण निकालेको छ। सडक मर्मतको लागि वार्षिक सडक मर्मत योजना तयार गरी स्वीकृत नगरेकोले उक्त योजनामा उल्लेख भए अनुरुप मर्मतगर्नुपर्ने स्थानको लागि लागत अनुमान तयार गरेको नगरेको एकिन गर्न सकिएन। सामान्यतःअस्फाल्टकार्पेटिङ्ग गरेको सडकलाई ५वर्षको अन्तरालमा मर्मतगर्नुपर्ने भएकोले उक्त सडकमा विगतमामर्मत भएको चेनेजसहितको विवरण र सडक मर्मत योजना वेगर एकमुष्ठ चेनेज उल्लेख गरी लागत अनुमान तयार गरी सोहीआधारमा भएको खरिद संझौता रभुक्तानीले वास्तविक मर्मतगर्नुपर्ने स्थानमा मर्मत भए नभएको यकिन गर्न सकिदैन। मर्मत योजनाबेगर चनेज नखुलाई भएको सम्झौता बमोजिम खर्च लेखांकन भएकोले सबबेसकोर्ष ४५४ बर्ग मिटर मात्र आवश्यक भएको पुरानो

सडक मर्मतको आईटम नम्बर ४ को बेशकोर्ष ३८३२ बर्ग मिटरको रु. २७ लाख ६० हजार ७१४ को भुक्तानी सहि र यथार्थ परक देखिएन। तसर्थ सबबेस भन्दा बढिको ३३७८ को प्रति बर्गमिटर ६५७ ले रु. २२१९३४६।०० भुक्तानी गर्न मिल्ने प्राबिधिक पक्षको बिश्लेण तथा आधार पेश गरी प्रभावकारी तथा मितव्ययीतवरले सडक मर्मत तथा स्तरोन्नती गर्नु पर्दछ।

६०.५ बिबिध खर्च खाता अन्तरगत सडकबोर्ड नेपाल तर्फको बैंक नगदी किताबको भौचर नम्बर १४।२०८१।३।३१ मा ओपनिङ एडजस्टमेन्ट भौचर भनि रु. १ करोड २५ लाख ३९ हजार ६५६ आम्दानी जनाएको छ। तर रकम समायोजनको आधार खुलाएको छैन। यस बिषयमा पालिकाको जिम्मेवार कर्मचारीहरुसग छलफल गर्दा सूत्र प्रणाली कार्यान्वियनको चरणमा हिसाब मिलान नभएको रकम समायोजन गरेको जानकारी दिनु भएको छ। समायोजन रकमको आधार सहित समायोजन हिसाब पेश गर्नु पर्दछ।

## ६१ बैठक भत्ता

६१.१ पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी कर्मचारी बैठक भत्तामा रु. ४ लाख १४ हजार र पदाधिकारी बैठक भत्तामा रु. १ लाख ४४ हजार खर्च गरेको छ । निर्देशिका र मापदण्डको आधारमा मात्र यस्तो खर्च गर्नु पर्दछ। बैठक भत्ता सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन्।

६१.२ ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१६४,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ६२ कर्मचारी करार–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनकोदफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाटसेवा लिन सकिने व्यवस्था गरेकोछ।पालिकाले प्रदेश लोकसेवा आयोगमा माग नगरी निम्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखी कार्यपालिकाको कार्यालयतर्फ रु. १ करोड ३० लाख ५२ हजार ०५१ पारिश्रमिक भुक्तानी गरेको छ । दरबन्दीमा रहेका कर्मचारीहरुको प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ।

| सि.नं. | पद तह | संख्या | तलब भत्तामा भएको खर्च |
|---|---|---|---|
| १ | प्रशासन सहायक चौथो २/अमिन १/कृषि १/पशु प्राविधिक१/ कम्प्युटर अपरेटर चौथो ८ | १३ | ५५६०४३८ |
| २ | सब इन्जिनियर(पाँचौ तह) | ५ | १४७६०२५ |
| ३ | अ.हे.व. चौथो तह | १० | ३५३६९६५ |
| ४ | ल्याब असिस्टेन्ट चौथो तह | २ | ७०७३९३ |
| ५ | हेल्थ असिस्टेन्ट | ६ | १७७१२३० |
| | जम्मा | ३६ | १३०५२०५१ |

## ६३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९ स्वास्थ्य ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रु. ४ करोड १८ लाख स्वास्थ्यकर्मी एवं कर्मचारीको र पालिकाका चालुतर्फ रु. ६ करोड ५७ लाख १६ हजार कर्मचारीको गरी रु. १० करोड ७५ लाख १६ हजार खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित भएको छैन ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । साथै कार्यपालिकको कार्यालय भन्दा बाहिर रहेका शाखा, वडा कार्यालय, केन्द्र जस्ता निकायमा कार्यरत कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा हाजीर उतार संलग्न गरेर मात्र तलब भत्ता भुक्तानी गर्नु पर्दछ।

६४ **आन्तरिक लेखापरिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने ब्यबस्था छ। पालिकाको आर्थिक प्रशासनलाई पारदर्शि र जवाफदेहि बनाई पालिकाले पेश गरेका वित्तिय विवरणहरुले सहि र यथार्थ चित्रण गरेको छन भनि सुनिश्चित हुने अवस्था मिलाउन आन्तरिक लेखापरीक्षकले आय र ब्यय यकिन गरी वित्तिय बिबरण प्रमाणित गरी प्रतिबेदन गर्नु पर्दछ।

६५ **नगर बिकास समिति**

नगर बिकास समितिको गत बर्षको जिम्मेवारी रु. १३८०३१७।४७ रहेकोमा यस बर्षको आय रु. १६२१२०५।०० समेत रु. ३००१५२२।४७ यस बर्ष सम्मको कुल आय रहेको अभिलेख पेश भएको छ। सो रकमबाट समितिले रु. १४०१४९६।०० खर्च गरी रु. १६१०२६५।०० मौज्दात रहेको देखिन्छ। समितिले सटर भाडा वापत सम्झौता बमोजिमको रकम आय आर्जन गर्नु पर्दछ। समितिले पेश गरेको अभिलेख अनुसार निम्नानुसार सटर उपयोगकर्ताले भडा रकम दाखिला नगरेकोले सम्झौता बमोजिमको बिलम्ब शुल्क समेत हिसाब गरी असूल गर्नुपर्ने रु.

| क्र.सं. | सम्झौताको पक्ष | सटर नम्बर | बाँकि रकम |
|---|---|---|---|
| १ | रोशन सापकोटा | ३ | २५१०७ |
| २ | नारायण प्रसाद तिवारी | २ | ८४००० |
| ३ | यमनाथ ढकाल | ६ | १५४४०२ |
| ४ | रमण प्रसाद श्रेष्ठ | ७ | ४४०९० |
| ५ | कुल बहादुर नेपाली | १ | १४८५१२ |
| ६ | महमद सरिफ मिया | ९ | १३४३९ |
| | जम्मा | | ४६९५५० |

| असुल गर्नुपर्ने | ४,६९,५५० |
|---|---|

६६ **सहकारिले सम्झौता बमोजिमको भाडा नबुझाएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६६,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६७ **स्रोतमा करकट्टी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६८ **बैठक भत्ता बढि भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ३९ माकार्यालयले स्वीकृत बजेट बाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुनआउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।<br>लेखपारीक्षणको क्रममा परीक्षण गर्दा प्रति व्यक्ति रु. १०००। का दरले भुक्तानि गरेका निम्नानुसारका बैठकमा उपस्थितिभन्दा बढि र कार्यालय समयमा बस्ने बैठकको समेत भत्ता गणना गरी भुक्तानि गरेको कर बाहेको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>भुक्तानि लिनेको नाम</th><th>कार्य विवरण</th><th>उपस्थित स.</th><th>भत्ता भुक्तानि स.</th><th>बढि भुक्तानी रु.</th><th>खुद भुक्तानी रु.</th></tr>
<tr><td>२२१</td><td>भोजराज ढकाल</td><td></td><td>३</td><td>६</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>२२१</td><td>आशिष पोख्रेल</td><td></td><td>४</td><td>६</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>२२१</td><td>अरुण पौडेल</td><td></td><td>४</td><td>६</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>२२१</td><td>मनि राना मगर</td><td>बोलपत्र मुल्याङ्कन</td><td>०</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६८००</td></tr>
</table></td><td>6800.00</td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम १२२(क) मा रित पुर्याई खर्च गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने ब्यबस्था छ। प्रदेश लोकसेवा आयोगको प्रतिनिधि नभएको तथा कार्यालयका पदाधिकारीहरु मात्र बिज्ञ, आमन्त्रित शाखा प्रमुख तथा सहयोगि देखाई करार कर्मचारीहरुको छनौट अन्तरवार्तामा एक जनाले ४० संख्या सम्म बैठक भत्ता भुक्तानी लिएको देखियो।प्रदेश लोकसेवा आयोगको प्रतिनिधी नभएको, बिज्ञ कर्मचारीहरुको रोष्टर बनाई अभिलेख नराखेको कारण अन्तरवार्ता मार्फत मात्र गरिएको छनौट प्रकृयानै पारदर्शि र निश्पक्ष भएको आधार नदेखिएको अवस्थामा कार्यालयका कर्मचारी मात्र सहभागि बैठक भत्ता बितरण गर्न मिल्ने आधार र मापदण्ड बेगर कर कट्टि पश्चात रु. २ लाख ४६ हजार ८४० खर्च भएको छ। बैठक भत्ताको ४१ प्रतिशत रकम आमन्त्रित सदस्यहरु राखि खर्च भएको छ।बैठक भत्ता भुक्तानी गर्दा अन्तरबार्ता भएको दिनलाई बिहान ८ बजे र ११ बजे तथा दिउसो २ बजे गरी तिन शिफ्टमा बिभाजन गरी अन्तरबार्ता लिएको छ।तसर्थ कार्यालय समय भित्र दुई शिफ्ट र कार्यालय समय बाहिर एक शिफ्ट अन्तरबार्ता भएकोमा बिहान ८ बजे कार्यालय समय बाहिरको मात्र भुक्तानी गर्नु पर्नेमा कार्यालय समय भित्र कार्यालका कर्मचारी मात्र सहभागि जनाई १०२ संख्या आमन्त्रित समेत समावेश गरी कुल २४२ बैठक संख्याको खर्च भुक्तानी भएकोले सो को दुई तिहाईले हुने रकम रु. १६४५६०।०० भौचरमा भएको भुक्तानी भरपाई तथा नामावली अनुसार हिसाब यकिन गरी सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्ने भनी प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएकोमा रु. १३८७२० असुल भई दाखिला गरेको प्रमाण पेश भएकोले प्रतिकृयाबाट सम्परीक्षण भएको बाहेक बाँकी रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सम्बन्धित व्यक्ति</th><th>असुल हुनुपर्ने रकम रु.</th></tr>
<tr><td>सहायक चौथो पदमनारायण पराजुली</td><td>२०४०</td></tr>
<tr><td>ईन्जिनियर गोविन्द दोरङ्गा</td><td>२७२०</td></tr>
<tr><td>अधिकृत सातौँ गोबिन्दराज सुवेदी</td><td>४०८०</td></tr>
<tr><td>ईन्जिनियर आशिष पोखरेल</td><td>७४८०</td></tr>
<tr><td>अधिकृत सातौँ भोजराज ढकाल</td><td>९५२०</td></tr>
<tr><td>जम्मा</td><td>२५८४०</td></tr>
</table></td><td>25840.00</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| ३ | यसरी निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पालिकामा सेवा गरे वापत गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय पदाधिकारी सुविधा ऐन २०७७ ले तोकिएको अनुसूची बमोजिमको सुविधा पाउने व्यवस्था छ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकामा निर्वाचित पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार उल्लेख भए बमोजिम सम्पादन गर्नुपर्ने तथा सोही ऐनको दफा १८ बमोजिम पदाधिकारी तथा सदस्यले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार अन्य सदस्य तथा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिने ब्यबस्था छ तर पुर्ण रुपमा प्रत्यायोजन गर्न तथा पालिकाको काममा अनुपस्थित हुन मिल्ने कानुनी आधार देखिएन । पालिकामा निम्नानुसारको वडा अध्यक्ष आफ्नो काम कर्तव्य र अधिकार बमोजिम कार्य सम्पादन नगरी तथा पालिकाको नियमित कामकाजमा अनुपस्थित रहेको पालिकाले उपलब्ध गराएको पत्र तथा बैठक र सभामा अनुपस्थितिरहेको अभिलेखबाट देखिन्छ। तर लेखापरीक्षणको क्रममा परीक्षण गर्दा सुबिधा रकम नियमित रुपमा सम्बन्धितको बैङ्क खातामा भुक्तानि भएको पाइयो। यसरी भुक्तानि भएको अनुसूचीमा उल्लेख भए अनुसार क्रमशः यातायात, पत्रपत्रिका,मोवाइल रिचार्ज, अतिथि सत्कार, समन्वय सहजिकरण, बैठक तथा अनुगमन आदि वापतको रकम सोही प्रयोजनमा उपभोग/उपयोग भएको प्रमाण भए पेश गर्नु पर्दछ। अन्यथा उक्त सुबिधा रकम पालिकाको सञ्चित कोषमा दाखिलागर्नु पर्दछ। साथै अन्य पदाधिकारीहरु समेत पालिकामा अनुपस्थित भई दैनिक कार्य सम्पादन नगरेको देखिए कार्यपालिकाले यकिन गरी पारिश्रमिक रकम असूल गराउनु पर्दछ। | 276190.00 |

| क्र.सं. | पदाधिकारीको नाम | सुविधा रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा अध्यक्ष (४) शिव ब. थापा | २७६१९० | मिति ०८०।५।१५ मा च.नं. १६७ को पत्रद्धरा व.स. लिलावती पौडेललाई कार्यवाहक व.अ. भई दैनिक कार्यसम्पादन गर्न अधिकार प्रत्यायोजन गरी सोही मिति देखि अनुपस्थित रहेको । |
| | जम्मा रु. | २७६१९० | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पुतलीबजार नगरपालिका, स्यांजा , पुतलीबजार नगरपालिका , स्याङजा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिरञ्जीवी पौडेल | २०८०-१२-१९ | २०८१-६-१६ |
| कार्यालय प्रमुख | हरिराम नागिला | २०७९-१२-१९ | २०८०-१२-४ |
| कार्यालय प्रमुख | धर्मराज ढुंगाना | २०८१-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी कोइराला | २०८०-११-१६ | हाल सम्म कार्यरत |
